सि.जि.प्र.द.नं. १७

जि.हु.द.नं. २८

सन्देश

# जनप्रिय

Sandesh Janapriya Weekly

साप्ताहिक

❖ वर्षः- २१ ❖ अङ्कः- ६ ❖ २०८० भाद्र १३ गते बुधबार(30 Aug. 2023 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-



प्रो. राजन भुजेल

✆ ०४७-५२०८३६, ९८४४०१५८६७

Email:-rajanbhujel111@gmail.com

आर.एन. ट्रेडर्स एण्ड सप्लायर्स

कमलामाई न.पा.-६, पानीट्याङ्की, सिन्धुली




यहाँ रड, सिमेन्ट जस्ता निर्माण सम्बन्धी सम्पूर्ण सामान, पाईप, PPR हाउस वायरिङ्ग सामानहरू पाइनुका साथै पशुपति पेन्टस् सुपथ मूल्यमा पाईन्छ।


# सामाजिक सञ्जालले खलबल्याउँदै समुदाय !




**सिन्धुली**/केही समयअघि कमलामाई नगरपालिकाका एक कर्मचारीले माओवादी अध्यक्ष एवम् प्रधानमन्त्री प्रचण्डको बचाउगर्दै अन्य दललाई गालीगलौच गरेर फेसबुकमा तस्वीरसहित पोष्ट गरे । उनले गरेको यो पोष्टपछि त्यसको चौतर्फी आलोचना भयो । त्यस लगत्तै उनले आफ्नो राजनैतिक दलको भातृ संगठनको नेता भएको फेसबुक प्रोफाइलबाट हटाए । तर उनको सत्तारुढ दल बाहेक सबै खराब भन्दै फेसबुकमा स्टाटस निरन्तर आइर हन्छ ।

गएको स्थानीय तथा प्रदेश निर्वाचन मा त उनले आफ्नो फेसबुक पेजको नामनैं फेरेर राजनीतिक पार्टीको प्रचार गरिरहे । सरकारी जागिर खाएर निर्वाचन प्रचार गरको विषयमा उनलाई निर्वाचन आयोगले स्पष्टिकरणनैं सोधेपछि उनको केही समय प्रचार कार्य रोकिएको थियो । तर अहिले उनी आफुलाई सरकारी कर्मचारी होइन पार्टी नेताको रुपमा आफुलाई सामाजिक सञ्जालमा उभ्याइरहेका छन् । कमलामाई नगर पालिकाका एक अधिकारी भन्छन्: उनको यो राजनीतिक लेखाई निकै बढिरहेको छ, जुन सरकारी कर्मचारीले गर्नै पाइदैन । त्यसपछिका प्रतिक्रिया थेग्न नसकेपछि उनले त्यो पोष्ट नै हटाए ।

सरकारको सचिव पदबाट निवृत्त भीम उपाध्याय सामाजिक सञ्जाल मा निकै सक्रिय छन् । यस्तो लाग्छ, निवृत्त जीवन सामाजिक सञ्जालमै रमेर बिताउँदैछन् । अझ भीम उपाध्याय मनमौजी नामको फेसबुक पेजका पोष्टहरु हेर्दा उनी विवादमा आउने खालका स्टाटस लेख्न रुचाउने स्वभावका देखिन्छन् । उनले धरानमा गोरुको मासु खाएको विषयमा चितवनकी पूर्णमाया गुरुङले कुनै भोजमा खाएको मासुको फोटो राखेर भने- गोरु खाने धराने ।

सामान्यतया सामाजिक सञ्जाल चलाउने मानिस डिजिटल साक्षर हुन्छन् नै । तर, साक्षरता पढ्न जानेर मात्रै नहुने रहेछ । जानेको कुरालाई जीवन र सामाजिक सम्बन्धसँग जोडेर उपयोग गर्न सकिन्छ अनि बल्ल त्यसको सिकाइमा साक्षर गनिने रहेछ । उता धरानमा गोरु काटेर खाएको विषयमा पक्ष र विपक्षमा प्रदर्शनहरु भइरहँदा यता चितवनमा भीम उपाध्यायविरुद्ध साइबर अपराध को जाहेरी दर्ता भएको छ । दिनदिनै गुरुङ परिषदले दबाबमूलक कार्यक्रम गरेर भीम उपाध्यायमाथि कारबाहीको माग गरिरहेका छन् ।

कानूनी प्रक्रियाअन्तर्गत प्रहरी अनुसन्धान अघि बढ्ने हो भने पूर्णमायाले दिएको जाहेरीका आधार मा भीम उपाध्याय पक्राउ पर्नेछन् । बढीमा २४ दिनसम्म उनलाई प्रहरीले हिरासतमा राख्नसक्छ । अदालत पेश गरेपछि कसुर प्रमाणित गर्ने कागजात बलियो भएमा पुर्पक्ष हुँदै साइबर अपराधमा कैद सजायसमेत सुनाउन सक्छ । के उनले पूर्ण मायाको फोटो सार्वजनिक गर्ने बेला यति परसम्म ●बाँकी २ पेजमा

## कार्यकर्ता पोस्दै प्रधानमन्त्री रोजगार कार्यक्रम !



**सिन्धुली**/ मुलुकभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको उपयोग गर्दै आर्थिक विकासमा योगदान पु¥याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्धेश्यले सरकारले सञ्चालन गरिरहेको प्रधानमन्त्री रोजगार कार्यक्रम सिन्धुलीका स्थानीय तहहरुमा भने कायकर्ता पोस्नका लागि जस्तै भएको छ ।

जिल्लाका बिभिन्न् स्थानीय तहमा आर्थिक वर्ष २०७९/८० मा संघीय सरकार मार्फत प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रमको कुल ७ करोड ५७ लाख २३ हजार ७५ रुपैयाँ बजेट खर्च भएको छ । कार्यक्रमको प्रशासनिक खर्च, कर्मचारी तलबभत्ता सहित उक्त रकम खर्च भएको हो ।

स्थानीय तहहरुबाट प्राप्त जानकारी अनुसार कमलामाई नगरपालिकाले ९३ लाख ७५ हजार, दुधौली नगर पालिकाले १ करोड १५ लाख ७९ हजार, फिक्कल गाउँपालिकाले ९९ लाख, तिनपाटन गाउँपालिकाले ८९ लाख ९९ हजार, मरिण गाउँपालिकाले १ करोड २५ लाख, सुनकोशी गाउँपालिकाले ५२ लाख र कम खर्च भएको देखिएको छ ।

त्यस्तै घ्याङलेख गाउँपालिकाले ५४ लाख ६५ हजार, हरिहरपुरगढी गाउँपालिकाले ६७ ●बाँकी २ पेजमा

## बीस किलो चाँदी सहित दुई पक्राउ



**सिन्धुली**/ सिन्धुलीमा प्रहरीले २० किलो चाँदी सहित दुई जनालाई पक्राउ गरेको छ । विराटनगरबाट काठमाडौं तर्फ जाँदै गरेको बाग्मती प्रदेश ०१-०२५ च १०६९ नम्बरको कार चेकजाँच गर्ने क्रममा चाँदी सहित उनीहरु पक्राउ परेका हुन् ।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीले घटना सार्वजनिक गर्दै चाँदी सहित दुई जनालाई गोलन्जोर गाउँपालिका ५ खनियाखर्क बाट पक्राउ गरिएको बताएको छ ।

कारमा ४ वटा सेतो प्लास्टिकमा लुकाई छिपाई राखेको २० किलो ग्राम चाँदी सहित चालक जिल्ला मोरङ विराटनगर महानगरपालिका ५ का रोहितकुमार यादव र सोही गाडीमा सवार सप्तरी राजविराज नगरपालिका ८ घर भई हाल मोरङ विराटनगर महानगरपालिका ४ का ३७ वर्षीय शेचन मानन्धरलाई पक्राउ गरिएको हो । बरामद गरेको चाँदीको हल बजार मूल्य २४ लाख ६१ हजार ७६० रुपैंया रहेको छ । प्रहरीले चाँदीको थप अनुसन्धानका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको बताएको छ ।

## अबैध चामलसहित व्यापारी पक्राउ

**सिन्धुली**/ जिल्ला प्रहरी कार्यालय सिन्धुलीले बीपी राजमार्गबाट मंगलबार अबैध भारतीय चामल सहितको ट्रक नियन्त्रणमा लिएको छ । भिमान चेकपोष्टमा चेकजाँचको क्रममा सर्लाहीबाट काठमाडौं तर्फ जादै गरेको प्रदेश २-०३-००१ ख ७०६५ नम्बरको ट्रकबाट १४२ बोरा भारतीय ब्राण्डको चामल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी निरीक्षक केशव कुमार कटुवालले जानकारी दिनुभयो । 'रिपुराज' र 'सेभेन स्टार' नामक उक्त चामलको बिल नभएको पाइएकोले आवश्यक कार्वाहीका लागी चामल, ट्रक र ●बाँकी ७ पेजमा

भञ्ज्याङ — राजेश मानन्धर




## प्रचारमा चेतना प्राथमिक कि प्रविधि ?

गुलेली



□ महेश्वर दाहाल

२०६४ सालको संविधानसभा निर्वाचनमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) देशकै सबैभन्दा ठूलो पार्टी बनेको थियो । त्यस निर्वाचनमा समानुपातिकतर्फ २९ प्रतिशतभन्दा बढी मत ल्याएको माओवादी २०७९ सालसम्मको निर्वाचनमा माओवादी, एकीकृत माओवादी, माओवादी केन्द्र, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र पुनः माओवादी केन्द्र हुँदै अगाडि बढ्दा ११ प्रतिशत आसपास मतमा सीमित भएको छ ।

गणतान्त्रिक परिवर्तन तथा राज्य पुनर्संरचनाको मुद्दा र 'मुभमेन्ट' मा नेतृत्वदायी भएर पनि माओवादी जनमतमा किन क्रमशः कमजोर बन्दैछ रु शान्तिप्रक्रियादेखि नयाँ संविधान निर्माणसम्म आइपुग्दा र नयाँ संविधानअन्तर्गत शासन संचालनको कुनै न कुनै हिस्सा भइराख्दा जनतासँगको सम्बन्धमा किन खाडल निर्माण भइरहेको छ भन्ने कुरामा नै माओवादीले आफ्नो कमजोरी खोज्नुपर्छ । मूल राजनीतिकरसैद्धान्तिक अभिभारा यो हुँदाहुँदै पनि पार्टी, जनता र आन्दोलनका निम्ति सशक्त प्रचार मोर्चाको वैज्ञानिक विकास गर्नु आजको अर्को महत्वको अभिभारा हो ।

जनमत घटे पनि माओवादी केन्द्र राष्ट्रिय राजनीतिको केन्द्रीय भूमिका मा नै छ । यही पार्टीको नेतृत्वमा अहिले सरकार छ। र, सुशासनसहित गुणात्मक आर्थिक समृद्धि पूरा गर्ने कार्यको नेतृत्व ●बाँकी २ पेजमा


प्रेम इलोक्ट्रोनिक्स सेन्टर

प्रो. कपिल श्रेष्ठ ९८४४०४१३५२ ९८०२६०७७५१

कमलामाई न.पा.-६, सिन्धुली



यहाँ विभिन्न किसिमका मोवाइल, फ्रिज, LED TV, Iron, Rice cooker बुफर लगाएत इलोक्ट्रोनिक्स सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

**प्रचारमा .........**

गर्ने भूमिकामा छ । त्यस पक्षमा सरकार, सदन, सडक दूरदराज सम्मको जनआकांक्षालाई एकीकृत रुपमा जोडेर लैजाने प्राथमिकता नै जनतासँग जीवन्त जोडिने मूल कसी हो ।

सुशासन र गुणात्मक आर्थिक समृद्धिको महत्व र त्यस पक्षको क्रियाशीलतालाई प्रचार आन्दोलनका रूपमा विकास गर्न हामीले ज्ञान अर्थात चेतनाको आलोकमा सीपमा नै जोड दिनुपर्छ । ज्ञान र सीपमा पोख्त भएर, आलोचनात्मक र रचनात्मक भएर मात्रै हामी सुन र सुनको जलप लगाएको फलाम छुट्याउन सक्छौं । अर्थात प्रचारको अजेण्डा र तरिकाको योजना निर्माण र त्यस कार्ययोजनाप्रति आफैं सिर्जनशील भएर मात्रै हामीले जनतालाई प्रभावित पार्न सक्छौं ।

विश्व सर्वहारा वर्गका नेता लेनिनले भन्नुभएको छ- 'जहाँ सर्वहारावर्गको विशाल वहुमत अझै क्रान्तिकारी चेतनासम्म पुगेको छैन, क्रान्तिकारी पंक्तिमा तिनको प्रवेशलाई सुगम बनाउन कम्युनिष्ट आन्दोलनले प्रचारको नयाँ-नयाँ रुप खोजी गरिरहनुपर्छ ।'

विश्व प्रसिद्ध साहित्यकार म्याक्सिम गोर्कीले भन्नुभएको छ- 'हातलाई सशक्त बनाउनुभन्दा पहिला दिमागलाई सशक्त बनाउनु पर्छ ।' आन्दोलन निर्माणको मूल पक्ष चेतना हुँदाहुँदै पनि त्यस यताका दिनहरूमा प्रविधिको अधिकतम विकास भइसकेको छ । प्रविधिमा सचेततापूर्वक र आलोचनात्मक पोख्त भएर नै लेनिन र गोर्कीले भने जस्तै राजनीतिक दृष्टिकोण तथा त्यसको प्रचार गर्ने काममा हामी थप सफल हुन सक्नेछौं ।

तर, माओवादी आन्दोलन अझै प्रविधि मैत्री भइसकेको छैन । यसो भनेर हामी सिद्धियौं, कमजोर भयौं भन्ने होइन । हामीले सिक्नुपर्छ । त्यसलाई आम पक्षको हितमा उपयोग गर्न लड्नुपर्छ । तर, त्यसमा नै पूरै भर गर्नु हुँदैन । किनकि प्रविधिहरू स्वतन्त्र प्रयोगमा छैनन् र हाम्रो नियन्त्रणमा छैनन् । तिमी तिम्रो तरिकाले लड, हामी हाम्रो तरिकाले लड्छौं भनेर माओले भन्नुभएको सन्दर्भ यहाँ स्मरणीय छ । मतलब प्रचारको नयाँ नयाँ रुपको खोजी त गर्नैपर्छ तर हामीले कमसल भनिएका वा बनाइएका प्रविधि र परम्परागत तरिकालाई पनि छाड्नु हुँदैन । हामीले के बिर्सनु हुँदैन भने नयाँ मिडिया वा सोसल मिडिया जस्ता प्रचारका प्रविधियुक्त माध्यमले पश्चिमा अजेण्डा र प्रभावलाई नै विस्तार गरेका छन् ।

चिनियाँ अनुसन्धानले पश्चिमा अजेन्डा बोक्ने त्यस्ता पश्चिमा नियन्त्रित सामाजिक सञ्जालले उसको पक्षमा 'प्रोपोगाण्डा' निर्माण गरेको विश्वभरिका ४१ समूहको छलफलमा अनुभवको शेयर गरिएको थियो । त्यसले हाम्रो सार्वभौमिकता र संस्कृतिमाथि हस्तक्षेप गर्ने खतरा छ भन्ने बुझाइ नै भयो । त्यसैले हामीले पनि प्रविधिभन्दा पनि अजेण्डामा जोड दिने नै हो । प्रविधि सिक्ने हो । प्रविधि नसिक्दा सबै कुरा गुम्यो भन्ने चाहिँ होइन । चेतना अनि इमान्दारिता नै मूल पक्ष हो । होचिमिन्हले भन्नुभए जस्तो ' क्रान्तिकारी नैतिकता आकासबाट त्यसै खस्दैन । दिनदिनै संघर्ष र प्रयास गरेर नै यो विकसित र दरिलो बन्छ । निलो पत्थर झैं जतिजति पालिस लगायो, उति उति यो शुद्ध हुन्छ ।'

आजको हाम्रो प्रचार प्राथमिकता भनेको माओवादी आन्दोलनका मुद्दाहरू, जुन संविधानमा अभिलेखीकरण भएका छन्, त्यसलाई जोगाउने र पूरा हुन नसकेका मुद्दाहरू स्थापित गर्न लागिरहने नै हो । माओवादी आन्दोलनको रक्षा, समाजवादी विचार, पार्टी र आन्दोलनको पक्षमा सक्रियतापूर्वक लागिरहने हो । पार्टीले पनि यही निष्ठाको वरिपरि आन्तरिक र बाह्य पत्रकारितालाई प्रोत्साहन गर्नु जरुरी छ । मुद्दा स्थापित भएर पनि राजनीतिक शक्ति सन्तुलनमा पार्टी किन रक्षात्मक भएको छ र क्रान्तिकारी पार्टीका लागि क्रान्तिकारी सिद्वान्त र राजनीतिले प्राथमिक महत्व राख्दछन । सशक्त, अनुशासित र जनआधारित संगठन विना जति नै विचार र राजनीति अपनाए पनि त्यसको कार्यान्वयन सम्भव छैन ।

संगठनले नै विचार राजनीतिलाई भौतिक शक्तिमा रुपान्तर गर्छ । कम्युनिष्ट आन्दोलनमा लाग्नु भनेको समाज रुपान्तरणको उच्च किसिमको संघर्षमा समाहित हुनु हो । उच्च प्रकारको त्याग र वलिदानमा समाहित हुनु हो । साम्राज्यवादका अजेण्डाहरु नयाँ ढाँचामा आउँदैछन् । हामी भने तटस्थताको विचारमा प्रभावित हुँदैछौं । वास्तवमा त्यो बकवास हो ।

हामीले मुलतः चेतनाको आधारमा र सबै प्रविधिहरूको उपयोगसहित रातो प्रोपोगाण्डा गर्न जरूरी छ ।

**सामाजिक .......**

सोचे होलान् ?

हुन त उपाध्यायले पटक पटक पूर्णमायाले अनुरोध गरेर आफू धराने नभएको र गोरु पनि नखाएको अनुरोध गर्दा नहटाएको पोष्ट जाहेरी परेपछि हटाएका छन् । तर, ती प्रधानाध्यापकको झैं उनले पोष्ट हटाए पनि उपाध्यायले माफी पाएका छैनन् । किनकि उपाध्यायको उट्पट्याङले सामाजिक सञ्जालमा आएका गाली थेग्न नसकेपछि पूर्ण माया प्रमाण बोकेर प्रहरीकहाँ पुग्ने अवस्था आयो । अब त उपाध्याय विरुद्धको उजुरी नै प्रहरीमा लिखित रेकर्ड बनिसकेको छ ।

धरानको गोरु काटेको कसुर हो वा होइन, हो भने कति गम्भीर हो र यसको कानूनी प्रक्रिया कसरी अघि बढ्नुपर्ने भन्ने विषयमा धेरै विश्लेषण भइरहेका छन् । यसतर्फ म जान चाहन्न । तर, धरानमा गोरुको मासु खाएको विषय सार्वजनिक र आलोचनाको सुरुवात हुने स्थल सामाजिक सञ्जाल नै हो ।

आजको प्रतिस्पर्धात्मक प्रविधियुक्त समाजमा हामी चाहेर पनि इन्टरनेटको जालोमा जोडिएको सामाजिक सञ्जालबाट टाढा हुन सक्दैनौं । हाम्रा दैनन्दिनका क्रियाकलाप, कतिपयको जीविकाको माध्यम नै इन्टरनेट, सामाजिक सञ्जालसँग जोडिएको छ ।

परिवर्तनशील सामाजिक विकासक्रमसँगै विकसित यस्ता प्रविधिलाई समाजका सामाजिक प्रतिष्ठा खललका माध्यम बनाउनबाट हामीले जोगाउन सक्छौं । तर, त्यसको लागि सामाजिक सञ्जाललाई सुरक्षित रुपमा कसरी चलाउने भनेर जान्न जरुरी छ ।

हामी विविधतायुक्त समाजमा छौं । धार्मिक आस्था फरक फरक बोकेर एउटै समाजमा बसिरहेका छौं । उत्पत्ति देखि नै मानवको प्रजातीय हिसाबमा विविधता छ । हामी सांस्कृतिक पहिचानमा पनि फरक फरक चिनारीसहित छौं । समुदाय अनुसार सञ्चारको माध्यम अर्थात् भाषामा पनि विविधता छ । यद्यपि हामीसँग विविधतामा पनि मिलेर बसेको समाज छ ।

तर, पछिल्ला दिनमा क्षणिक रुपमा भर्चुअल दुनियाँमा भ्यू बटुलेर भाइरल हुने होडबाजीले भीम उपाध्यायले झैं आफैंलाई कानूनको उल्लंघनकर्ताको लहरमा उभ्याउन किन उद्यत छौं ? कहिले रमाइलो गर्ने नाममा त, कहिले भाइरल हुने नाममा सामाजिक सञ्जालको सही उपयोग हुन नसक्दा आपराधिक प्रवृत्तिहरु बढ्न थालेका छन् । त्यसैले होला टेकु साइबर व्युरोमा मात्रै दिन सकिने साइबर अपराधका जाहेरीहरु देशभरका प्रहरी कार्यालयमा दिन सकिने गरी सरकारले नयाँ व्यवस्था ल्याइसकेको छ ।

यही सुविधालाई नेकपा एमाले कमलामाई नगरकमिटीका अध्यक्ष महेन्द्रदेव श्रेष्ठले पनि आफ्नो चरित्र हत्या गरिएको भन्दै एक युवाका विरुद्ध जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा जाहेरी दिएका छन् ।

यही आर्थिक वर्षदेखि सुरु गरेको विद्युतीय अपराधमा उजुरीको सहजता भएपछि उजुरी दिनका लागि सोधपुछ गर्न जानेहरुको संख्या बढेको अधिवक्ता टंक बिक्रम थापा बताउँछन् । यसको मतलब हामी हातमा भएको मोबाइलबाट सामाजिक सञ्जालको जालोमा मनलाग्दी सामग्री राख्न तयार भएर बसेका छौं, जसले स्वयंलाई हानि गरिरहेको पत्तो छैन । अब हामीविरुद्ध नै न्याय माग्ने मानिसहरु न्यायिक निकायमा धाउन थालिसकेका छन् ।

विश्व स्वास्थ्य संगठनले भनेको छ, मानिस स्वस्थ हुन शारीरिक, मानसिक र सामाजिक सम्बन्धमा पनि स्वस्थ हुन जरुरी छ । हामी कतिको स्वस्थ छौं भन्न पनि हामीले निभाएका सामाजिक जिम्मेवारी पनि हेरिने रहेछ । एउटा स्वस्थ मानिस न समाज बिगार्न चाहन्छ न त स्वयंलाई कानूनको उलंघनकर्ता भनेर चिनाउन नै सहज ठान्छ । भाइरल मोहमा रमाउँदा हामीलाई क्षणभरमै सबैले 'पपुलर' अप्सनमा खोज्ने मान्छे त बनाउला । सामाजिक सञ्जालमार्फत भएका राजनैतिक तथा असामाजिक टिप्पणीले स्वयंको पहिचान शून्यमा झार्न सेकेण्डभर लाग्दैन भन्ने हेक्का राख्न जरुरी देखिएको छ ।

**कार्यकर्ता .......**

लाख ७५ हजार र गोलन्जोर गाउँपालिकाले ८१ लाख ७३ हजार ७५ रुपैयाँ रकम खर्च गरेको जनाइएको छ ।

उक्त रकमबाट प्रत्येक स्थानीय तहमा रहेका रोजगार संयोजकको तलब ४ लाख ९४ हजार, भत्ता ४८ हजार, पोशाक १० हजार, रोजगार सेवा केन्द्र सञ्चालन २ लाख ६५ हजार, रोजगार सहायक तलब ३ लाख ९३ हजार,, भत्ता ३९ हजार, पोशाक १० हजार सहित जम्मा १२ लाख ५८ हजार रकम तलबभत्ता र कर्मचारीमा खर्च हुने गरेको छ ।

जिल्लामा आएको यति ठुलो रकम योजनाहरुमा लगानी गर्नुको साटो आफ्ना कार्यकर्ताहरुलाई बाँड्ने र त्यसबाट कमिशन लिने वडाध्यक्षहरुको कार्यशैलीले सरकारको वेराजगारी अन्त्य गर्न गरेको अरबौं लगानी बालुवामा पानी हाले सरह बनिरहेको पछिल्लो घटनाक्रमले पुष्टि गरिदिएको छ । गत वर्ष तस्नपाटन गाउँपालिकाको वालाजोरका वडाध्यक्षले पालिकाले बैंक अफ काठमाडौंको चकमके शाखामा पठाएको रकमको कमिशन वडाध्यक्षले लिएको आरोप लागेको थियो । प्रधानमन्त्री रोजगार कार्यक्रमका नाममा अनुत्पादक क्षेत्रमा खर्च गर्ने तथा अति समान्य काममा ठुलो रकम सक्ने गरेको एमालेका नगर इन्चार्ज हरि अधिकारी बताउँछन् । "बाटो सफा गर्ने, झाडि सफा गर्ने, पैदल बाटो बनाउने जस्ता काम गरेर लाखौं रकम सक्नु राम्रो पक्ष होइन, कार्यक्रमको मोडल परिवर्तन गर्नुपर्छ, बिदेश पलायन हुने युवाहरुलाई रोक्न सक्नु पर्छ" अधिकारीले भने । केहि समयका लागी रोजगारी भन्दा पनि आत्मनिर्भर हुन सीप प्रदान गर्नुपर्ने उनको भनाई थियो ।

स्थानीय तहमा हुने विकास निर्माणमा टेण्डर प्रक्रियाबाट ठेकेदार मार्फत गर्दा बेरोजगारीलाई रोजगार उपलब्ध गराउन सकिएको देखिदैन । स्थानीय तहले आर्थिक वर्षको अन्तिममा विकास निर्माणको काम नहुने समयमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई लागु गर्ने गरेका छन् । वर्षको ११ महिना चुप लागेर बस्ने अन्तिम समयमा रोजगार दिने नाममा उपयोगहिन ठाउँमा बजेट गइरहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको सुरुवात भएको चार बर्ष बित्तिसक्दा जिल्लामा अरबमा रकम खर्च भईसकेको छ तर देख्न र हेर्न मिल्ने कुनै पनि काम भएको छैन । स्थानीय सरकारसँग उत्पादनसँग सम्बन्धीत कुनै योजना नै छैन त्यसकारण स्थानीय सरकारले कार्यक्रम अनुसार बेरोजगारहरुलाई रोजगारी दिन सक्ने अवस्था छैन ।

गाउँका युवाहरु बिदेश पलायन भईसकेका छन, महिला र बृद्ध बृद्धाहरुलाई सामान्य काम लगाएर पैसा सक्नु प्रधानमन्त्री रोजगार कार्यक्रमको नियति र बाध्यता बनेको रोजगार संयोजकहरु नै स्वीकार गर्छन । एक रोजगार संयोजक भन्छन्, "स्थानीय सरकारले प्रभावकारी कार्यक्रम नै बनाउन सकिरहेको छैन, युवा बिदेश पलायन भएका छन, गाउँमा महिला र बृद्धबृद्धा छन उनीहरुलाई सामान्य काम लगाएर पैसा सक्नु पर्ने बाध्यता छ ।"

सरकारले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेटमार्फत् सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसर सिर्जना गरी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिकले वाध्यताले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको थियो ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारहरुको पहिचान र सूचीकरण गर्ने र रोजगार सेवा केन्द्रमा सुचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरिने व्यवस्था गरेको छ । स्थानीय तहहरुमा कुनै गुरुयोजना नबनाई प्रधानमन्त्री रोजगार कार्यक्रममा पैसा विनियोजित गर्नु बालुवामा पानी हाल्नु सरह जस्तै बनिरहेको छ ।

दर्ता नं.: १८००३८/०७४/०७५ तपाईको यात्रा शुभ अनि सफल रहोस्...... शुभकामना

चाहना यातायात प्रा.लि.

हाम्रो देशको विद्युत हामीले सदुपयोग गरौं, विद्युतीय गाडीमा आरामदायी यात्रा गरौं ।

सिन्धुली काउण्टर
9854041239
9801718220


काठमाण्डौं चावहिल
९८०१६६८०४५
चालक
९८५४०४५५३२
९८५४०४५५३६
थप जानाकरी
९८५४०४०५३३(टंक)
९८५४०४५५४१(उद्धव)

काठमाण्डौं काउण्टर
9854045531





काठमाण्डौं-खुर्कोट-सिन्धुली-बर्दिबास अग्रिम बुकिङ्ग र रिर्जभको व्यवस्था ।

सिन्धुलीका कुखुरापालक कृषकहरुमा खुशीको खबर !



हामीकहाँ ब्रोइलर,लेयर्स, हाँस, गाई, भैसी, बंगुर, माछा तथा बाखाको दाना पाउनुका साथै लोकल कुखुरा, लेयर्स, गिरिराज, कडकनाथ, बट्टाई,, टर्की र लौकाटको चल्लाहरु पाइन्छ । साथै कृषि सम्बन्धी विउ विजन तथा परामर्श सेवा पनि उपलब्ध गराइन्छ ।



सिद्धबाबा दाना चल्ला सप्लायर्स, सिन्धुली

कृषि उपज वजार, सिन्धुली फोन: ०४७:५२०६६१२ मशिण छाप: मोवाइल:९८४४०४५४००, ९८४४०४१०१०

# ललिता निवासमा कुन कुन व्यापारी बने प्रतिवादी

**सिन्धुली**/ ललिता निवास जग्गा प्रकरणमा निर्णयकर्तालाई उन्मुक्ति दिइँदा दोस्रो वा तेस्रो व्यक्तिबाट जग्गा किन्ने व्यापारिक घरानाहरुलाई भने अभियुक्त बनाइएको छ । करोडौं रुपैयाँ बैंकबाट ऋण लिएर जग्गा किनेका चर्चित व्यवसायिक घराना हरुसँग अर्बमा बिगो माग गरिएको छ । जिल्ला सरकारी वकिलले मुद्दा चलाएका २८९ जनामध्ये करिब डेढ दर्जन व्यक्ति त व्यापारिक घरानाका छन् । तर, तीमध्ये मीनबहादुर गुरुङबाहेक अधिकांश फरार सूचीमा छन् । ललिता निवासको १४३ रोपनी भन्दा बढी जमिन हिनामिना गरेको आरोप लागेकाहरुलाई अर्बौंको बिगो दाबी गरिएको छ ।

ललिता निवास प्रकरणमा बिगो दाबी गरिएको व्यापारिक घराना भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङसहित उनको परिवार नै मुछिएको छ । यद्यपि, उनीमात्र पक्राउ परे भने परिवारका अन्य सदस्यलाई फरार सूचीमा राखिएको छ । मीनबहादुरले सरकारी जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरेको आरोप छ । उनलाई ४ अर्ब ९१ करोड ८१ लाख २४ हजार ६४६ रुपैयाँ बिगो बराबरको सरकारी जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरेको आरोप छ ।

तर, मीनबहादुरले यस विषयमा दिएको बयानमा आफू र आफ्नो परिवार र उनको कम्पनीले ललिता निवासभित्रको जग्गा खरिद गर्दा नेपाल सरकारबाट जारी भएको जग्गाधनी प्रमाणपत्र पुर्जा हेरी तत्कालीन जग्गाधनीलाई रकम चुक्ता गरेको र सरकारलाई राजस्वसमेत तिरेर रजिष्ट्रेशन पास गरेको उल्लेख गरेका छन् । योबाहेक कुनै पनि कुरामा आफूहरुको संलग्नता नभएको उनले बयानमा भनेका छन् ।

यस्तै मीनबहादुरकी श्रीमती सावित्री घले गुरुङले २१३ कित्ता नम्बरको जग्गा भाटभटेनीसँग खरिद गरी आफ्नो नाममा बनाएको देखिएको भन्दै उनलाई ३८ करोड ८० लाख ९१ हजार ९३४ रुपैयाँ बिगो बराबर को सरकारी जग्गा आफ्नो नाममा बनाएको आरोप छ ।

मीनबहादुरकी छोरी कामना गुरुङको नाममा पनि १३९१.३७ वर्ग मिटर जग्गा दर्ता कायम भएको देखिएको छ । ६१ करोड ५५ लाख ५ हजार ७६८ रुपैयाँ बिगो बराबरको जग्गा आफ्नो नाममा बनाएको अनुन्धान बाट खुलेको हो ।

यता डीएलएफ प्रालिका सञ्चालक श्रवणकुमार गोयलले कम्पनीको नाममा ७३७७.०५ वर्ग मिटर जग्गा दर्ता कायम गरेको देखिएको छ ।

| व्यवसायी | बिगो रकम |
|---|---|
| मीनबहादुर गुरुङ | रु.४,९१,८१,२४,६४६ |
| सावित्री घले | रु.३८,८०,९१,९३४ |
| कामना गुरुङ | रु.६१,५५,०५,७६८ |
| श्रवणकुमार गोयल | रु.२,२४,३६,५७,८०० |
| शिवरतन सारडा | रु.२,२४,३६,५७,८०० |
| सन्दीपकुमार सारडा | रु.२,२४,३६,५७,८०० |
| कैलाशचन्द्र गोयल | रु.२,२४,३६,५७,८०० |
| सुहृद घिमिरे | रु.२,३४,६६६,६६७ |
| मनोजकुमार केडिया | – |
| डिम्पल वंशल | – |
| गोविन्दलाल संघाइ | – |
| निर्मलादेवी गोयल | रु.४२,०२,८१,७५५ |
| सरला घले गुरुङ | रु.१,०८,६९,५४,८०७ |
| सज्जनकुमार चाचन | |
| रेखा घिमिरे | रु.७०,३९,१४,४४६ |
| सीपिका खेतान | – |
| देवान्सी गोयल | – |

२ अर्ब २४ करोड ३६ लाख ५७ हजार ८०० रुपैयाँ बराबर समरजंग कम्पनीको जग्गा आफ्नो नाममा ल्याएको आरोप छ ।

शिवरतन सारडासमेत सञ्चालक रहेको डीएलएफ डेभलपर्सको नाममा पनि सोही बराबरको बिगो, सन्दीप कुमार सारडा, कैलाशचन्द्र गोयललाई पनि सोही बराबरको विगो माग गरेको देखिएको छ । यी सबै फरार सूचीमा छन् ।

यता कैलाशचन्द्र गोयलकी श्रीमती निर्मलादेवी गोयलले पनि समरजंग कम्पनीको नाममा रहेको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरेको आरोप छ । उनले ४२ करोड २ लाख ८१ हजार ७५५ रुपैयाँ बिगो बराबरको जग्गा आफ्नो नाममा पारेको आरोप छ ।

मीनबहादुर गुरुङका भाइ पहलमान गुरुङकी श्रीमती सरला गुरुङले सरस्वती घले गुरुङसँग संयुक्त नाममा २३३२.०२ वर्गमिटर क्षेत्रफल जग्गा दर्ता गरेको पाइएको छ । १ अर्ब ३८ करोड २८ लाख ५० हजार २७५ रुपैयाँ बिगो बराबरको जग्गा कायम गरेको पाइएको हो ।

यता सरला घले गुरुङको नाममा मात्र ७०.३६ वर्ग मिटर जग्गा अधिग्रहण गरेको, सरकारी जग्गा व्यक्ति विशेषको नाममा हुँदैन भन्ने थाहा हुँदाहुँदै आफ्नो नाममा पारेको भन्दै १ अर्ब ८ करोड ६९ लाख ५४ हजार ८०७ रुपैयाँ बिगो बराबर को सरकारी जग्गा व्यक्ति विशेषको नाममा पारेको आरोप छ ।

यस्तै किया मोटरका विक्रेता चर्चित व्यवसायी सुहृद घिमिरेले श्रीमती रेखा घिमिरेले खरिद गरेको जग्गामा साक्षी बसेर मुचुल्कामा सहीछाप गरेको देखिएको भन्दै उनलाई पनि आरोपित ठहर गरिएको हो । सोही अभियोगमा सुहृदलाई २३ करोड ४६ लाख ६६ हजार ६६७ रुपैयाँ विगो बराबरको सरकारी जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्दा साक्षी बसेको अभियोग छ ।

सुहृदकी श्रीमती रेखा घिमिरेले सरकारी जग्गा आफ्नो नाममा सारेर खण्डीकरण गरी विभिन्न व्यक्तिको नाममा बिक्री गरेको भन्दै ७० करोड ३९ लाख १४ हजार ४४६ रुपैयाँ बिगो बराबरको सरकारी जग्गा हड्पेको आरोप छ ।

नविन खेतानकी श्रीमती सीपिका खेतान, सुमितकुमार वंशलकी श्रीमती देवान्सी गोयल, डिम्पल वंशल, देवान्सी गोयल, गोविन्दलाल सांघाइ, मनोजकुमार केडियासमेतको नाममा जग्गा कायम भएको देखाइएको छ । यद्यपि यिनीहरुको बिगो रकम भने खुलाइएको छैन ।

१९८६ देखि १९८९ सालसम्म प्रधानमन्त्री बनेका श्री ३ भीम शमशेरले किनेको र पछि यो जग्गा उनका शाखासन्तानमा हस्तान्तरण हुँदै आएको देखिन्छ । बालुवाटारको २९९ रोपनी ९ आना जग्गा र त्यहाँ निर्मित दरबार नै 'ललिता निवास' हो । मालपोतको अभिलेखअनुसार उक्त जग्गा भीमशमशेरले १९८८ सालमा खरिद गरेको देखिन्छ । राणा प्रधानमन्त्री भीमशमशेरका नाममा १९८८ साल माघ २५ गते २८७ रोपनी ५ आना जग्गा लालमोहर लागेको थियो । पछि हाल साबिक गर्दा २९९ रोपनी ९ आना देखियो । ललिता निवास भीमशमशेरले छोरा हिरण्यशमशेरलाई अंश दिए । पछि हिरण्यशमशेरबाट उनका छोरा सुवर्ण शमशेरमा हस्तान्तरणभयो । अहिले सोही जग्गा विवाद चर्चामा छ ।

## सामाजिक सञ्जाल

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संसदमै सफेद झुट बोल्नुभयो । प्रधानमन्त्री दाहालले ललिता निवास जग्गा हिनामिनादेखि नक्कली भुटानी शरणार्थी प्रकरण र सुन तस्करी प्रकरणमा दोषी बचाउने काम नभएको भन्दै सफेद झुट बोल्नुभएको टेलिभिजन स्क्रिनबाट देखियो । प्रतिनिधिसभा बैठकमा 'प्रधानमन्त्रीसँगको प्रश्नोत्तर' कार्यक्रममा सांसद असिम शाहले गरेको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्रीले कुनै भ्रष्टाचार र अनियमिततामाथिको छानबिनका क्रममा दोषीलाई उन्मुक्ति दिने काम नभएको जिकिर गरेपनि कोही कसैले पत्याउन तयार छैनन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइवी) ले दोषी किटान गरी प्रतिवेदन बुझाए पनि सरकारको दवावमा माओवादी नेता कृष्णबहादुर महरा र उहाँका छोरा राहुललाई प्रतिवादी नबनाई मुद्धा दायर गरिएको छ । आफ्ना पार्टीका नेतालाई जोगाएको तथ्य स्थापित भइसक्दा पनि प्रधानमन्त्रीले कसैलाई जोगाउने काम नगरेको भन्दै संसदमै ढाँटनुभएको हो । उहाँको यो भनाई आउँदा सांसदहरुले खिल्ली उडाएका दृष्य अनुहारमै प्रष्ट देखिएको थियो ।

➢ **धनजंग थापा, सुनकोशी ५ सिन्धुली**

ललिता निवास जग्गा अपचलन प्रकरणको अनुसन्धानलाई सरकारको निर्देशनमा सरकारी वकिलको कार्यालय काठमाडौंले संगठित अपराधका सट्टा सरकारी लिखत कीर्तेको कसुरमा मात्रै सीमित गरिदिएपछि बहुचर्चित यो प्रकरण त्यसै फासफुस भएको छ । र, यसले प्रहरीको यति मिहिन अनुसन्धानको औचित्यमाथि नै प्रश्न खडा गरेको छ । कीर्तेको कसुरमा प्रहरीले अधिकतम् २४ दिनभित्र अनुसन्धान सकेर रायसहितको प्रतिवेदन सरकारी वकिलको कार्यालयमा पेश गर्नुपर्ने भए पनि ललिता निवास प्रकरणमा भने कीर्तेसँगै संगठित अपराधमा अनुसन्धान गर्न भनेर पटक-पटक म्याद थप भएको थियो । तर, ६२ दिनपछि सरकारी वकिलको कार्यालयले जिल्ला अदालत, काठमाडौंमा दुई सय ९० जनाविरुद्ध कीर्तेमा मात्र मुद्दा दायर गरेपछि सरकारको मुकुण्डो उदांगो भएको छ ।

सरकारी वकिलको कार्यालयले ललिता निवास प्रकरणमा संगठित अपराधमा मुद्दा चल्न नसक्ने निर्णय गर्नुका पछाडि २०४२, ०४९, २०६७ र ०६९ सालमा सरकारी लिखत कीर्ते भएको देखिएको तर संगठित अपराध निवारण ऐन २०७० सालमा मात्रै आएको कारण देखाएको छ । पहिलेको घटनालाई पछि आएको कानुनले समेट्दैन, त्यसमाथि यसमा संगठित अपराधको तत्व पनि देखिएन । अझ तीन वर्षभन्दा कम सजाय हुने यस्ता मुद्दा संगठित अपराध होइनन् भन्ने आम नागरिकलाईसमेत जानकारी भएको अबस्थामा सरकारले सुशासन र भ्रष्टाचार नियन्त्रणको कुरा गर्नु नाटक मात्रै भएको तथ्य उजारगर भएको छ ।

➢ **नवराज दाहाल, कमलामाई ६ सिन्धुली**

सरकारी सेटिङमा ३२ पटकसम्म सुन पास भयो, ३३ औं पटकमा कमिशन नमिल्दा समातियो । इलेक्ट्रिक सिगरेटमा आएको सुनमा स्वयं प्रधानमन्त्रीकै पार्टीका उच्च नेतृत्वको नाम मुछिएको छ । त्यो विषयमा एउटा रिपोर्ट बनेको छ, त्यो रिपोर्ट गृहमन्त्रीको टेबुलमा छ । गृहमन्त्री नारायणकाजी श्रेष्ठले ती नेता (कृष्णबहादुर महरा)लाई बोलाएर सोधपुछ गर भन्नुहुन्न । पछिल्ला घटनाक्रममा माओवादीको उच्च तहको नेतृत्वसँग सुनको कारोबारीहरुको नेक्सस देखिँदैछ । यसको त कहीं न कहीं छानबिन हुनुपर्‍यो नि ! हाम्रो भनाइ के हो भने जसको छानबिन गर्नु छ, उसैलाई जिम्मा लगाएर त भएन नि ! जस्तो कि ललिता निवास जग्गा प्रकरणमा शारदाप्रसाद त्रितालको नेतृत्वको समिति बनाएर केपी ओली नेतृत्वको सरकारले छानबिन गर्ने कार्यादेश नदिएको भए माधव नेपालजी, बाबुराम भट्टराईजी वा त्यो ले भलका मन्त्रीहरुको नाम आउँदैनथ्यो । अहिले प्रचण्ड सरकारले ललिता निवासमा नेताहरुलाई जोगाई दिए ।

जब छानबिन समिति बन्यो, त्यसले सबै घटनाक्रम हेरेर पो त्यो रिपोर्ट ल्यायो त ! भुटानी शरणार्थी काण्डमा छानबिन समिति नबनाएको भए कसरी आउँथ्यो त नेक्सस ? सरकारी मेकानिजमबाट पनि सीआईबीले गर्ने हो कि कसले गर्ने हो गरोस् । तर, उच्चस्तरको छानबिन आवश्यक देखियो भनेर एमालेले जुन कुरा उठाएको थियो अहिले त्यो कुरा सही सावित भयो । यदी छानवीन आयोग नबन्ने हो भने सबैले उन्मुक्ति पाउँछन् र उनीहरु निर्वाचनमा निर्वाध रुपमा उमेदवार बन्न सक्छन् । त्यसैले पनि शक्तिशाली आयोग छिटो गठन गरेर दोषीलाई दण्डित गरौं ।

➢ **सरोज ढकाल, सिन्धुलीमाढी**

खबर हाम्रो, फैसला तपाईको: पलपलको खबरका लागि
प्रदेशखबर www.epradeshkhabar.com
Email: sandeshjanapriya@gmail.com

ताजा दुध, दही, घिउ पनिर र खुवाका लागि हामीलाई संझनुहोस ।

कमलामाई डेरी प्रा.लि सिन्धुली
माझीटार,सिन्धुली (शिक्षा समन्वय कार्यालयसंगै) PHONE NO.- 9843354289

**एउटा अधाएको व्यक्तले भोको मानिसको आवश्यक्तालाई कहिल्यै बुझ्न सक्तैन । - कार्ल मार्क्स**

## सम्पादकीय

# मौलायो भ्रष्ट संस्कृति

ललिता निवास जग्गा प्रकरणमा ठूलालाई उन्मुक्ति दिँदै अगाडि बढेको सरकारले सुन प्रकरणमा जोडिएका आफ्ना नेतालाई पनि जोगाउने प्रपञ्च गरिरहेको छ । सरकारले एक पछि अर्कोगर्दै विभिन्न विकृत खेल खेलिरहेको छ । सुन प्रकरणको छानवीनमा उच्चस्तरीय आयोग बनाउने विषयले महत्व पाएका बेला फेरी एक पटक ती सबै विषयलाई ओझेलमा पार्नेगरी जातीय राज्यका कुराहरुसमेत उठ्न थालेका छन् । सत्तासञ्चालकहरुले आफ्नो स्वार्थसिद्ध गर्न जातीय राज्यका कुराहरुसमेत उठाउन थालेको सर्बत्र आशंका गरिँदै छ । सत्ताधारीहरु यति धेरै घोर अवसरवादी बन्न पुगेका छन् कि उनीहरुको स्वार्थसिद्धका लागि जे गर्न पनि पछि नपर्ने अवस्था देखिनु चिन्ताको विषय हो ।

यस्तै विकृत राजनीतिक खेलका कारण समाजका सबै तह र तप्काका मानिसहरु यतिबेला विभाजित बन्दै एकले अर्कालाई सरापीरहेका छन् । एकता, सद्भाव र समन्वय भन्ने कुरा कतै देखिएन । एकातिर सत्ताधारीहरु यस्तो विकृत खेलमा छन् भने अर्को तर्फ सुकिला मुकिला देखिने शहरिया जमात पनि थप विकृत भइरहेको छ । अहिले सामाजिक सञ्जालहरुमा अभ्यस्त देखिएका सुकिला मुकिलाहरु एकले अर्कोलाई गालीगलौज गर्नमा नैं धेरै समय खर्चिरहेका छन् । खेतीपाती गर्ने र आफ्नै पौरखमा बाँच्नुलाई जीवनको सार्थकता अनि एकता, सहकार्य र सहअस्तित्वलाई आफ्नो संस्कार ठान्ने ग्रामीण समुदायबाट सुकिला मुकिला शहरीयाहरुले साँच्चै नैं सिक्नुपर्ने भएको छ । तर ठीक विपरीत शहरबजारमा बस्ने तथा आफूलाई शिक्षित र सभ्य ठान्ने व्यक्तिहरु अरुलाई होच्याउने, खुचिङ, मच्चाउने र सकेसम्म आफूभन्दा इतरकालाई समाप्त गरेर आफू अघि बढ्ने नेपाली राजनैतिक संस्कारले मूलुक अगाडि बढ्न सक्तैन ।

राजनीतिक दलका नेताहरुमा देखिएको भ्रष्ट संस्कृति, चिन्तन र अलोकतान्त्रिक चरित्रले शासकीय व्यवस्थामाथि नै गम्भीर समस्या आउन सक्ने संकेतहरु देखिन थालेको अबस्थामा सत्तारुढ र प्रतिपक्षी दल जिम्मेवार बन्न जरुरी देखिएको छ ।

सभाध्यक्षले समेत मुख्यमन्त्रीलाई विश्वासको मत दिएकाले एमालेका सांसदहरुले प्रदेशसभामा नाराबाजी गरेका थिए । तर एमालेको नाराबाजीबीच मन्सुरले आफूले दिएको समेत मत जोडेर मुख्यमन्त्री थापाले विश्वासको मत लिएको घोषणा गरिदिए ।

सत्तारुढ नेताहरुले एमालेबाट निर्वाचित उपसभामुख दनुवारको कारणले यस्तो परिस्थिति आइलागेको बताएका छन् । उनीहरुले मन्सुरले संविधान बमोजिम मत दिएको पनि तर्क गरेका छन् । तर एमालेले सत्ता गठबन्धनबाट असंवैधानिक कदम चालिएको भन्दै अदालत जाने बताएको छ । यसअघि पनि मुख्यमन्त्री थापाविरुद्ध एमाले सर्वोच्च अदालत गएको थियो । सर्वोच्चले सरकार निर्माण प्रक्रियामा सभामुखको भूमिका असंवैधानिक हुने ठहर गरेको थियो । तर सत्ता गठबन्धनले जसरी पनि सत्ताको नेतृत्व लिन सर्वोच्चले दिएको आदेशको पालना गरेन । किनकि संविधानको धारा १८६ ले समेत सभाध्यक्ष गर्ने व्यक्तिलाई कुनै प्रस्ताव उपर बराबर मत नभएको अवस्थामा मत दिने अधिकार दिएको छैन । तर सत्तालाई एक मात्रै उद्देश्य बनाएको गठबन्धनले संविधानको व्यवस्था र सर्वोच्चको आदेश बिपरीत मन्सुरलाई मत दिन लगाएका छन् ।

कोशीमा गरिएको यस्तो अभ्यासले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सामेल सत्ता गठबन्धन संविधानप्रति संवेदनशील नरहेको सन्देश दिएको छ । जबकी प्रतिनिधिसभा विघटन गर्ने एमाले अध्यक्ष केपी शर्मा ओलीले संबिधान मिचेको आरोप लगाउँदै सिंगो नेकपा विभाजन गरेका प्रचण्डले आफु प्रधानमन्त्री बन्नकै लागि यो सत्ता गठबन्धन बनेको तथ्य कहिं लुकेको छैन । अनि सत्तारुढ गठबन्धनका नेताहरुले पनि आफूलाई संविधान, लोकतन्त्र र संसदीय गरिमा जोगाउने शक्ति फलाक्दै आएकाहरु त्यसविपरीत गतिविधि प्रचण्डले संविधानको खिल्ली मात्रै उडाएका छैनन् उनी देश र जनताप्रति कुन हदसम्म गैरजिम्मेवार छन् भन्ने पुष्टि कोशी प्रदेशसभामा देखिएको दुई पटकका दृष्यले पुष्टि गर्छ । त्यसैले हामी सबैले एकै साथ भन्नै पर्ने भएको छः सत्ताका निम्ति संविधान कुल्चन हरदम तयार रहने गठबन्धन सरकारको अब सत्तामा बस्ने नैतिक धरातल र औचित्य सकिएको छ । त्यसैले केपी ओलीले जस्तै सत्ता छोडेर कोर्स करेक्सनको मार्ग प्रशस्त गरिनु पर्दछ ।

# पुँजीवादी राज्य व्यवस्था र खस्कँदो जनविश्वास

□ दिपा भण्डारी

मार्क्सवादीहरू सबै पक्षलाई आलोचनात्मक ढंगले हेर्छन् र बुझ्ने गर्छन् । आफूले गरेको काम कति सही र कति गलत समीक्षा गरिरहनुपर्छ । कुनै दलको नाउँ मार्क्सवादी-लेनिनवादी वा माओवादी हुँदैमा त्यो दलबाट बहुसंख्यक श्रमजिवी वर्गको मूक्तिका लागि इमान्दार ढंगले लाग्छन् भन्ने होइन । कम्युनिष्टहरुले मार्क्सवादी विचारलाई गहिरिएर अध्ययन गर्छन् त्यसलाई आफ्नो जीवन व्यवहारमा लागु गर्छन् भन्ने आम दृष्टिकोण छ । मार्क्सवादीहरूले मार्क्सवादको मूलभूत सिद्धान्त थाहा पाउनैपर्छ । मार्क्सवादी सिद्धान्त जनतामाझ पुर्याउनैपर्छ । दलको पथप्रदर्शक मार्क्सवादी लेनिनवादी राखेर जनतालाई सुसूचित पारिएन भने त्यो देखाउने दाँत हुन्छ ।

हो अहिले नेपालका कम्युनिष्ट पार्टीहरुका लागि मार्क्सवादी, लेनिनवादी र माओवादी सर्वहारावादी विश्व दृष्टिकोण देखाउने दाँत बन्न थालेको छ । उनीहरु आफुलाई असली कम्युनिष्ट पार्टी र नेता दाबी त गर्छन् तर मार्गनिर्देशक सिद्धान्तबारे जनतालाई सुसूचित पार्दैनन् । त्यस्ता दल र नेताले मार्क्सवादी सिद्धान्त पालना गर्लान् र आमूल परिवर्तनको निम्ति बाटो कोलार्न् भनी कसरी विश्वास गर्ने ? भारतीय योजनामा थालिएको 'जनयुद्ध' असफल भएपछि माओवादी केन्द्रले क्रान्तिकारी बाटो त्यागेकै हो । यो माओवादी केन्द्रले गलत बाटो लिँदाको परिणाम थियो । क्रान्तिकारी बाटो छोड्नेहरू मार्क्सवादी हुँदैनन् । देश, काल र

**सैले कसैलाई हिलोछ्याप्दैमा आफ्नो बाटो सही हुन्छ र मार्क्सवादी हुन्छ भन्ने कुरा पनि होइन । लामो समय राजनीति गर्दैमा, एक दुई वटा मार्क्सवादी ग्रन्थ अध्ययन गर्दैमा पनि कुनै व्यक्ति मार्क्सवादी हुने होइन । सङ्घर्ष नगरिकन व्यवस्था बदल्न निकै कठिन हुन्छ । राणा शासन अन्त्य गर्न संघर्ष भएकै हो । संघर्षमा रगतको खोलो बगेकै हो । पञ्चायती व्यवस्था अन्त्य गर्न पनि नेपाली जनताले रगतको खोलो बगाएका थिए । यो पुँजीवादी व्यवस्था बदल्न पनि संघर्ष नगरी सम्भव छैन ।**

**पुँजीवादी बन्दोबस्तको निर्वाचनबाट कुनै दलले बहुमत प्राप्त गरे पनि व्यवस्था बदल्न सक्दैन । सरकारले केही सुधार गर्ला, तर संघर्ष नगरिकन पुँजीवादी व्यवस्था बदल्न सक्दैन । युद्धको विजय या हार हुने कुराको निर्णय जनताले गर्छन्, एक दुईवटा नयाँ हतियारले होइन ।**

परिस्थिति तयारी नहुँदा माओवादीले त्यसबेला थालेको 'जनयुद्ध' गलत साबित भयो । अहिलेकै सडेगलेको व्यवस्थामा आएर सत्ता सञ्चालन गर्नु थियो भने त पहिलानैं राजा विरेन्द्रसँग सहमति गरेको भए भइहाल्थ्यो । बिन्तिपत्र चढाएको भए हुन्थ्यो ।

त्यसबेला तत्कालिन नेकपा मालेले झापामा थालेको व्यक्तिहत्याको राजनीतिको पहिला पनि आलोचना भएको थियो अहिले पनि त्यो कामयै छ । कम्युनिस्ट भनिने दलहरू सामेल भएको वर्तमान सरकारले एमसीसी सम्झौता गर्दा नेमकिपाले विरोध गरेको थियो । एमसीसी सम्झौता पास गर्न नदिन सदन र सडकमा सरकारको ध्यानाकर्षण गरिएको थियो ।

नागरिकता विधेयक पारित गर्दा संसद घेराउ गर्दै पास नगर्न खबरदारी गरिएको थियो । यसरी नेपाली नागरिकले सत्तासीन दल र ठूला दलका नेताहरूले गरेको देश घाती र जनघाती कामको विरोध गर्दै आएको छ । एकातिर खोटो विचारको खण्डन गर्दै सचेत पार्दै आएको छ भने अर्कोतिर देशघाती सम्झौता र सहमतिको विरोध गर्दै आएको हो । मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा मान्ने क्रान्तिकारीहरूले सत्ता प्राप्तिका लागि गरिएका जालझेल र षडयन्त्रको खण्डन गर्नुपर्छ, खबरदारी गर्नुपर्छ ।

हरेक राजनीतिक दलले वर्ग शत्रु चिन्नुपर्छ । वर्ग शत्रु र वर्ग मित्र चिनेर राजनीति गर्नुपर्छ । वर्ग शत्रुलाई वर्ग मित्र र वर्ग मित्रलाई वर्ग शत्रु सम्झेर देशको राजनीति सही ढंगले अघि बढ्दैन । हामीमा वर्गविरोधी भावना हुनुपर्छ । सबैले सबैलाई मिलाएर लान सकिँदैन । सबैसँग सहकार्य गरेर देशमा परिवर्तन सम्भव छैन, शोषणरहित समाज स्थापना हुँदैन ।


कसैले कसैलाई हिलोछ्याप्दैमा आफ्नो बाटो सही हुन्छ र मार्क्सवादी हुन्छ भन्ने कुरा पनि होइन । लामो समय राजनीति गर्दैमा, एक दुई वटा मार्क्सवादी ग्रन्थ अध्ययन गर्दैमा पनि कुनै व्यक्ति मार्क्सवादी हुने होइन । सङ्घर्ष नगरिकन व्यवस्था बदल्न निकै कठिन हुन्छ । राणा शासन अन्त्य गर्न संघर्ष भएकै हो । संघर्षमा रगतको खोलो बगेकै हो । पञ्चायती व्यवस्था अन्त्य गर्न पनि नेपाली जनताले रगतको खोलो बगाएका थिए । यो पुँजीवादी व्यवस्था बदल्न पनि संघर्ष नगरी सम्भव छैन । पुँजीवादी बन्दोबस्तको निर्वाचनबाट कुनै दलले बहुमत प्राप्त गरे पनि व्यवस्था बदल्न सक्दैन ।

सरकारले केही सुधार गर्ला, तर संघर्ष नगरिकन पुँजीवादी व्यवस्था बदल्न सक्दैन ।

युद्धको विजय या हार हुने कुराको निर्णय जनताले गर्छन्, एक दुईवटा नयाँ हतियारले होइन । पुँजीवादी सत्तामा कुनै कम्युनिस्ट पार्टी नै गए पनि बहुमत जनताको पक्षमा ऐन कानुन बनाउन सकिँदैन, बनाउन दिँदैन । राजनीतिकरूपले एकगठ भएर उठेका जनताले विजय पाउँछन् ।

# धरानमा चाहिएको सामाजिक सद्भाव

□ कृष्ण गौतम



सामाजिक सद्भाव भड्कने संभावनालाई अनुमान गर्दै स्थानीय प्रशासनले लगाएको निषेधाज्ञाले धरान शहर कुरुप मात्रै बनेको छैन आम जनमानसमा त्रास प्रदा गराएको छ । गएको शनिबार हिन्दू अभियान्ताले प्रदर्शनको तयारी गरेपछि त्यसको प्रतिवादमा पहिचान पक्षधर बताउने समूह उत्रने बताएपछि प्रशासनले निषेधाज्ञा लगाएको थियो । डेंगूको महामारीलाई कारण देखाएर प्रशासनले लगाएको निषेधाज्ञको उद्देश्य भने संभावित दुर्घटना रोक्नु नै थियो । प्रशासनलाई धरानका राजनीतिक दलहरु, नागरिक समाज, जनप्रतिनिधि र पूर्वजनप्रनिधिहरुले साथ दिएका थिए । यी सबैको उद्देश्य बमोजिम धरान शान्त नै रह्यो । तर त्यो शान्ति निषेधाज्ञाका कारणले भएको थियो । कुनैपनि बेला सद्भाव भड्कने भय बाँकी नै छ । किनकि धर्मको विषयलाई लिएर सामाजिक सञ्जालमा फैलाइएको अतिवादी प्रचारका मूल कारण हल हुन सकेको छैन ।

**धरानलाई त्रसित बनाउनेगरी प्रचार गर्ने हिन्दू अभियान्ता र त्यसको प्रतिवादमा उत्रिएकाहरुबीच कुनै सहमति जुटेको छैन । यद्यपि आवेगलाई शान्त पार्न समय लिएको राम्रो हुन्छ, जुन काम शनिबार भएको छ । तर यस्तो बिषयलाई बेवास्ता गर्न हुन्न । समाधान भएको सन्देश दिएर मात्रै ढुक्क हुन सकिन्छ । त्यो भनेको एकअर्कामा घुणा फैलाउनेगरी कुनैपनि पक्षबाट गतिविधि र प्रचार नगर्ने सहमति जुट्न आवश्यक छ ।**

**अझ धरानबासीकै अपिल चाहिँ धरानको समस्यालाई लिएर बाहिरकाहरुले अनावश्यक प्रचार नगरेको राम्रो हो । त्यहाँ देखिएको साम्प्रदायिक भड्काव ल्याउने गतिविधिका पक्ष र विपक्षलाई स्थानीय प्रशासनको नेतृत्वमै सहमतिमा ल्याउन आवश्यक छ । तर स्थानीय पहलकदमी कम हुने र बाहिरकाहरुले आवश्यकता भन्दा बढी चासो लिइदा समस्या समाधान नभएर बढावा हुन जान्छ ।**

धरानलाई त्रसित बनाउनेगरी प्रचार गर्ने हिन्दू अभियान्ता र त्यसको प्रतिवादमा उत्रिएकाहरुबीच कुनै सहमति जुटेको छैन । यद्यपि आवेगलाई शान्त पार्न समय लिएको राम्रो हुन्छ, जुन काम शनिबार भएको छ । तर यस्तो बिषयलाई बेवास्ता गर्न हुन्न । समाधान भएको सन्देश दिएर मात्रै ढुक्क हुन सकिन्छ । त्यो भनेको एकअर्कामा घुणा फैलाउनेगरी कुनैपनि पक्षबाट गतिविधि र प्रचार नगर्ने सहमति जुट्न आवश्यक छ । अझ धरान बासीकै अपिल चाहिँ धरानको समस्यालाई लिएर बाहिरकाहरुले अनावश्यक प्रचार नगरेको राम्रो हो । त्यहाँ देखिएको साम्प्रदायिक भड्काव ल्याउने गतिविधिका पक्ष र विपक्षलाई स्थानीय प्रशासनको नेतृत्वमै सहमतिमा ल्याउन आवश्यक छ । तर स्थानीय पहलकदमी कम हुने र बाहिरकाहरुले आवश्यकता भन्दा बढी चासो लिइदा समस्या समाधान नभएर बढावा हुन जान्छ ।

धरानको समस्या समाधानका लागि विशेष पहलकदमीको खाँचो पर्नाको मुख्य कारण यो समस्या अरुतिर नसरोस् भन्नलाई हो । किनकि धरानमा जस्तो समस्या देखाइएको छ,

त्यसको असर तत्काल अरुतिर पर्नसक्छ । साम्प्रदायिक विषय नै एकठाउँ नबसी रहने प्रकृतिको हुन्छ । त्यस्तो हुन नदिने मूल दायित्व नेतृत्वको हो ।

राजनीतिक नेतृत्वले सही निर्णय लिएर आमसन्देश दिएमासमस्या निकासतिर जानेछ । सँगै आमनागरिकले पनि हिंसालाई बल पुग्नेगरी अभिमत अथवा गतिविधि नगर्नु पहिलो दायित्व हो । आ-आफ्नो ठाउँमा रहेर सद्भाव कायम राख्नुको अर्को विकल्प कसैसँग छैन ।



# नेताहरु बिग्रिएपछि वडातहसम्म जाने अभियान चलायौं: हरिबोल




**सिन्धुली**/ नेकपा माओवादी केन्द्रका उपमहासचिव हरिवोल गजुरेलले पार्टी नेतृत्व बिग्रिएकाले जनस्तर सम्म जानु परेको बताउनु भएको छ।

सोमबार सिन्धुलीमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा गजुरेलले निर्वाचनपछि नेता कार्यकर्ताहरु जनताको दैलोमा नटेकेको र नेताहरुले जनताको अबस्था थाहा पाउन नसक्दा पार्टी र नेतृत्व बिग्रिएको बताउनुभएको हो।

उहाँले माओवादीको जनसम्बध बिग्रिदै गएकाले तीन महिने अभियानले अबस्थामा सुधार आउन बताउनु भयो।

उहाँले भन्नुभयो: मैंले सिन्धुलीमा पार्टी बनाउन समय दिएको थिईंन। राजनजीलाई मैंले रामेछापबाट पार्टी बनाउन ल्याएको थिएँ, उहाँले पार्टी राम्रो बनाउनु भयो कमलामाई नगरपालिकामा त्यति राम्रो पार्टी अहिले बिग्रियो, त्यही कारणले म आफैं कमलामाई नगरपालिका हेर्नेगरी सिन्धुली आएको छु। अब सिन्धुलीको पार्टी मैंले हेर्छु र राम्रो बनाउँछु।

उहाँले सुन प्रकरणमा कृष्णवहादुर महरा र छोरोलाई कारबाही प्रक्रियामा सामेत नगराएको सन्देश राम्रो नगएको कुरा आफुले प्रधानमन्त्री प्रचण्डलाई सुझाएको जानकारी दिनभयो। उहाँले भन्नुभयो: 'हिजो मात्रै प्रधानमन्त्रीले पछिल्लो सरकारकारको काम कारबाही र जनस्तरमा परेको प्रभावका विषयमा सोध्नु भयो, मैंले ललिता निवास प्रकरणमा सानालाई ऐन र ठूलालाई चैन भन्ने भएको सन्देश प्रवाह भइरहे पनि कम्तिमा बाबुराम र माधव नेपाललाई घरमै गएर बयान लिएकाले केही मत्थर भएको छ।'

पूर्व सरकार प्रमुखलाई पक्राउ गर्ने वा मुद्धा चलाउने भन्ने विषय कहिंकतै उल्लेख नभएकाले पनि सरकारले बाबुराम-माधवलाई पक्राउ गरेर बयान लिने विषयमा सिआइबीलाई दबाब नदिएको बताए। झट्ट हेर्दा अदालतले आरोपीहरुलाई पक्राउ गरेर बयान लिन दिएको आदेशलाई सरकारले कार्यान्वयन नगरेको जस्तो देखिएपनि त्यो प्रक्रियाले नजिर स्थापित हुने देखिए पछि घरमैं गएर बयान लिने अबस्था आएको प्रधानमन्त्रीका राजनैतिक सल्लाहकारसमेत रहेका नेता गजुरेलले भन्नुभयो।

अहिले पनि किसानहरुले पर्याप्त मात्रामा मल नपाएको गुनासो सुनको छु तर विगत वर्षहरुमा भन्दा सहज भएको बताउनुभयो। आफु कृषिमन्त्री हुँदा किसनाहरुले पाउने मलको समस्या नआएको दाबीगर्दै नेता गजुरेलले सरकार सुशासन कायम गर्ने तर्फ सक्रिय रहेको बताए। उनले भने: सबैभन्दा ठूलो कुरा समयमैं विद्यार्थीले किताब र किसानले मल पाए। हामी पैसा तिरेर किन्छौं भन्दा पनि नपाउने कुरा हुन्छ ? उनले प्रश्न गरेका थिए।

# अबिरल बर्षापछि आएको बाढीले धानखेत बगायो

**सिन्धुली**/ सिन्धुलीको दुधौली नगर पालिकामा अबिरल बर्षाको कारण कमला नदीमा आएको बाढीले किसानको २ विघाहा भन्दा बढी उर्बराभूमी कटान गरेको छ। दुधौलीको वडा नम्बर ६ मा धान रोपिएको खेत कमला नदीले कटान गरेको हो।




नदीले धान सहित खेत नै कटान गरे पछि किसान चिन्तीत भएका छन्। वडा नम्बर ६ का स्थानीय तेज बहादुर लामिछाने मगरको ३ कठ्ठा, ईश्वरमान लामिछाने मगरको २ कठ्ठा, भक्त बहादुर लामिछाने मगर को १ कठ्ठा ,१० धुर, डडेर बहादुर लामिछाने मगर,गणेष बहादुर लामिछाने मगरको ३ कठ्ठा जमीन बाढीले कटान गरेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख राज कुमार सिलवालले जानकारी दिनुभयो। त्यस्तै केशर बहादुर कार्कीको २ कठ्ठा, रामजी गिरीको २ कठ्ठा, जतनलाल धामीको १कठ्ठा,कौशल बुढाथोककिो २ कठ्ठा, १० धुर, पृथ्वी बहादुर श्रेष्ठको १० धुर,शम्भु गौतमको ३ कठ्ठा, श्याम कार्कीको ५ कठ्ठा, ज्ञान बहादुर बलामपाखीको ५ कठ्ठा,भक्त बहादुर पुलामी कगरको ६ कठ्ठा, लिला बहादुर कार्कीको ६ कठ्ठा धान सहित खोलाले खेत कटान गरेको छ भने र देव बहादुर पुलामी मगरको ६ कठ्ठा खेत बाढीले परेको स्थानीयले बताएका छन्।

त्यसैगरी तीनपाटनमा चँदाहा खोलामा आएको बाढीले नदि छेउमा धान खेतहरु कटान गरेको छ। तीनपाटन गाउँपालिका १ का वडाध्यक्ष गोविन्द राउतले झण्डै २ विगाह जग्गा चँदाहा नदीले कटान गरेको छ।

यो समस्या अन्नको भण्डारणको रुपमा रहेको मरिण गाउँपालिमा पनि परेको छ। मरिणखोलामा आएको बाढीले ५ विगाहा भन्ना बढी धान खेत नष्ट गरेको छ। हरेक बर्ष कमला, चँदाहा र मरिण खोलाले किसानले रोपका धानखेत बगाउने र पुर्ने गरेको छ।

# पहिराले दर्जन बढी घरमा क्षति, भैंसी पुर्‍यो




**सिन्धुली**/ तिनपाटन गाउँपालिका १ मा पहिरोका कारण दर्जनौं घरमा क्षति पुगेको छ। अन्य २५ घरमा जोखिम बढेको छ।

अविरल वर्षाका कारण घर माथिबाट आएको पहिरोले गोठ भत्काउँदा सानो झुँगाका टेक बहादुर रानाको ब्याउने भैंसी र एउटा सुँगुर मरेको वडा अध्यक्ष गोविन्द राउतले जानकारी दिनुभयो। माथिबाट खसेको पहिरोले गोठ पुर्दा गोठमा रहेका भैंसी र सुँगुर मरेको उहाँले जानकारी दिनुभयो।

पहिरोका कारण मानवीय क्षति नभए पनि भौतिक क्षति धेरै भएको उहाँले जानकारी दिनुभयो। घर माथिबाट पाखो पुरै बग्ने र पहिरोका कारण नक्कले, जाँचे, झुँगा, सिक्रे लगायतका स्थानमा २५ घर जोखिममा रहेको उहाँले जानकारी दिनुभयो।

पहिरोले निवुवाटारका वीर बहादुर बसेलको ब्रोइलर फर्ममा क्षति पुर्‍याएको र ४० वटा कुखुरा मरेको उहाँले जानकारी दिनुभयो। वडामा पहिरोबाट भएको क्षति सङ्कलन भई रहेको र आफू स्थलगत रूपमा निरीक्षण गरि जनतालाई सुरक्षित स्थानमा राख्न पहल गरि रहेको बताउनुभयो। गाउँपालिका, जिल्ला विपद् व्यवस्थापन समितिसँग आवश्यक समन्वय भई रहेको उहाँको भनाई रहेको छ। वडामा बर्सातका कारण हुन सक्ने क्षति न्यूनीकरण गर्न र सुरक्षित रहन आफू बसेको स्थान सुरक्षित छ या छैन यकिन गर्न आग्रह गर्दै असुरक्षित महसुस भएमा आफूलाई खबर गर्न उहाँले आग्रह गर्नुभयो।

## डेंगी ज्वरो (Dengue Fever)

**परिचय**


डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो। डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ।

**लामखुट्टेले टोक्ने समय**

एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ।

**लामखुट्टे वृद्धि विकास हुने स्थान**

एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्यांकी आदिमा लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ।



**लक्षणहरु**

डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्छन् :

- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा बिबिरा आउने,
- रिंगटा लाग्ने,
- वाकवाकि/ वान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्थामा हो।

**डेंगी ज्वरोको उपचार**

- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन। यो आफै निको हुन्छ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्पिन जस्ता दुखाई कम गर्ने औषधि नखाने,
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, वृद्धवृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको विशेष ध्यान दिनु पर्छ।

**बच्ने उपाय**

डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्ने :

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पुरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने।

**लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्ने:**

- आफ्नो घर वरिपरी, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने,

**लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो।**

यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला।

**घ्याङलेख गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिन्धुली**



## सिन्धुलीमा होलसेल तथा खुद्रा मुल्यमा ताजा तरकारी पाइन्छ ।

बिवाह होस् वा पार्टी, पिकनिक होस् वा पुजाका लागि कतै जानैं पर्दैन। सिन्धुली जिल्लाकै उत्पादन हामी तपाईको घरमै ल्याइदिन्छौं।



- ☞ बिषादी प्रयोग नगरिएका सागसब्जी
- ☞ आलु, लसुन, प्याज, खुर्सानी, हरियो धनियां, टमाटर
- ☞ मोटरकोसा, बन्दा, काउली, ब्रोकाउली,कागती, दालहरू



**राकेश तरकारी पसल, तरकारी बजार, सिन्धुली,फोन: ९८४४०९१९७७**

# डिल्ली अम्माईको कथा : लेखकको सपना

'ज्योतिषीले भनेका - अर्को वर्षबाट मनिरका अप्ठ्यारा दशा छन् अरे, यो वर्ष जसरी नि उसको बिहे गर्नुपर्छ !', युरोपबाट नेपाल आएको बेला लेखककी श्रीमतीले छोराको बिहेको लागि अत्त्याउँदै भनिन् । मनिर सपरिवार नेपालमा प्रेमिका बनाउन छुट्टी मनाउन आएको छ, आफ्नो गाउँ कृष्णपुर । मनिरले जीवनमा आफ्नो जीवन सङ्गिनी खोज्ने फुर्सदै पाएन । पढाइ छउन्जेल पढाइको धून । पढाइ सकिएपछि लगातारको काम । मेहनतलाई खुबै सम्मान गर्छ उसले । उसकी आमा धुन्धुलीले बुबासँग अक्सर भन्ने गर्दछिन्, 'अढाई दशक पार गर्दा नगर्दै छोराको बिहे नगर्ने हो भने छोरालाई बुढोकेटो भन्लान् फेरि ।'

पोहर सालभन्दा अगाडि मनिरले विवाह गर्न पटक्कै मानेको थिएन । गत फागुनपछाडि मात्र उसका बाबुआमाले भनेको मनिरले मान्यो र बिहे गर्न मन्जुर भयो । विवाहका लागि उसका बाबुआमाले छोरालाई कहिल्यै दबाब दिएनन् । बरु नेपालसँगको सम्बन्ध बनाइराख्न, बिहे गर्नु परे नेपाल नै उपयुक्त हुने सल्लाह दिए । उसले पनि भनेको मान्यो र नेपालमै बाबुसँगै आएर जीवनसङ्गीको खोजीमा लाग्यो । उसकै फुपूका छोराले भनेको केटी हेर्न लेखकसँगै पानीपुर पुग्यो । केटीपक्षका सबैले केटा हेरे र कुरा पनि गरे । मनिरले पनि सबैलाई सके जति आदरभावका साथ अभिवादन गऱ्यो । केटी मुस्कुराएर केहीबेर केटासँग गफ गरिन् । दुवैले एकार्कामा के के कल्पना गरे, उनैलाई थाह होला । पानीपुरबाट फर्कने क्रममा उसका बाबु लेखकले उसलाई सोधे, "यो तेरो जीवनको पहिलो प्रस्ताव हो, केटी मन पऱ्यो बाबु !"

उसले जवाफ दियो, 'बुबा, भैंसी किन्न आएको त हैन नि हामी ! भैंसी किन्दा त एक हप्ता हेरेर सबै कुरा बुझ्नुपर्छ। केटीलाई पनि म मन पर्नु पऱ्यो नि । उनले पनि हाम्रो बारेमा बुझ्नु पऱ्यो । परिवारचाहिँ शिक्षित र सभ्य रहेछन् । अरू सबै मन पऱ्यो, नानीमा मेरो र ममा नानीको मन बस्यो भने विवाह नहुने के छ र ? तर एकार्कालाई बुझ्न समयचाहिँ लाग्छ ।"

लेखकले टाउको हल्लाउँदै भने, 'हो, बाबु । मानिससँगको सहकार्यमा दुवै लाई दुवै मन पर्नु पर्छ । स्वभाव र सोच्ने तरिकाहरूमा आंशिक समानता हुनु पर्छ । जीवनको लामो सहकार्यबारे बहस हुनु पर्छ। अन्तमा, दुवैबिच सम्मानपूर्ण प्रेम बस्न सक्यो भने बिहे प्रेमिल र जीवन्त बन्दछ ।' लेखकले सोच्यो, "केटो प्रेम गर्न अनभिज्ञ छ, तर प्रेमलाई अधिक मन पराउँछ । मन पराएर मात्रै भएन, प्रेम त अभ्यास र कला पनि त हो । केही समयको प्रेमले मानिसलाई उमङ्गीत बनाएपछि विवाह गर्नु मागी विवाहभन्दा उत्तम हो । ठिकै छ, दुवैले एकार्कालाई बुझुन् र प्रेममा भिजुन्, बिहे भन्ने कुरा अन्तिम हो । 'गाउँ फर्कने क्रममा बाबु छोराका कुरा धेरै भए । घर आएपछि पनि धेरै ठाउँबाट विवाहका प्रस्तावहरू आए । तर पानीपुरबाट फर्किएपछि उसले खासै केटी हेर्ने जाँगर नै गरेन । मनिरले सोच्दो हो, 'प्रेम एकैपटकको भेटले गाढा हुँदैन ।' हुन पनि हो, केटाकेटी दुवै लजालु परे भने प्रेम पाक्न लामो समय लाग्छ । सुरु सुरुमा कुराको मेसो हुँदैन । के भनेर कुरा गर्ने ? मनले कुरा गर्न खोज्छ तर कुराका लागि मन तयार हुँदा शब्द हराउन थाल्दछन् । मनले कुरा लम्ब्याउँदै जाऊँ र एक आपसमा खुलेर गफ गरौं जस्तो हुन्छ तर समस्या कुरैको हुन्छ । शब्दहरू गलामा आएर थुप्रिन्छन् । बाहिर निस्के त मरिजाऊँ !

मनिर र कल्पुको देखभेट भएको समय बिस्तारै बित्दै जान्छ । दुवैले कुराको पोयो फुकाउन एकआपसमा कुरा गर्न थाल्दछन् । प्रेममा मैले पहिला फोन गर्नु पर्छ भन्ने हुँदैन । जसले पहिला सम्झ्यो, फोन गऱ्यो । लम्ब्याउने कुरा खासै हुन्नन् । फोन राख्यो, फेरि गऱ्यो अनुहार हेऱ्यो, आँखाले कुरा गऱ्यो, फोन राख्यो । बारम्बार यस्तै हुन्छ प्रथम प्रेममा ।

युरोप पुगेपछिकै कुरा हो, कल्पुले मनिरलाई फोन गरिन् । मनिर आमा बुबासँग बसेर खाना खाँदै थियो । फोनको घण्टी बजेको बेला लाजले हो वा डरले कल्पुले गरेको फोन काट्यो र फोन लिएर बाहिर गयो । उता गएर कल्पुलाई फोन गऱ्यो वा गरेन, लेखकलाई थाह हुने कुरा भएन ।

तत्काल लेखकले केही नबोली मनमा कुरा खेलायो मात्र, 'फोन किन काटे होला बाबुले, फोन काट्नु पनि एउटा अपराध हो । फोन गर्नुमा केटीको उत्सुकता र समर्पण हुन्छ । फोन काटिदिँदा त्यसको हत्या हुन्छ । प्रेममा उत्सुकताको हत्या पनि अपराध हो । फोनमा अपेक्षा हुन्छ, फोन बिचैमा काटेपछि त्यो अपेक्षाको पनि हत्या हुन्छ । फोनको घण्टीसँगै प्रेम रोइरहेको हुन्छ । फोनको घण्टी काटेर कसैको मायाको सहारामा बाँच्न खोजिरहेको प्रेमको हत्या गर्नु हुन्न ।'

फेरि लेखक र उसको जीवनसङ्गिनीले पनि छोराको प्रेमको लागि अनुमति दिइसकेका छन् । त्यहाँ लाज मान्नु पर्ने के हुन्छ र ! समुन्द्रको छालजस्तै सार्वभौम प्रेमको सत्तालाई चोरेको धन जस्तो लुकाउनु पर्ने कारण नै के छ र ? अचेल दुवै जना एकअर्काको परिचयमा छन् । प्रेमको गृहकार्यमा दुवैतर्फको परिवारले केटाकेटीले अन्तिम निर्णय सुनाउने दिन कुरेर बसेका छन् । अग्रजहरूलाई उनीहरू प्रेममा फेल भएको नतिजा सुन्ने इच्छा छैन। उनीहरूको लगन, मेहनतले प्रेम फलाउन सके भने उनीहरूको जीवनमा नयाँ अध्यायको सुरुवात हुने छ । प्रेमका हाँगाबिँगा पलाएर जीवनको चौतारीमा शीतलता प्रदान गर्ने छ । आशाको धागो लामो हुन्छ, हरेक अभिभावकले सन्तानको त्यही धागो मा उनिएर खुसी हुनुको विकल्प नै अरू के छ र ?

सुस्तरी सुस्तरी बसेको माया दीर्घकालिक हुन्छ भन्छन्, प्रेमको मधुरसमा पारङ्गतहरू । लेखकले मायाको अनुभूति बिहेपछि मात्र गऱ्यो । उसले सिकेको माया उसले छोरालाई पनि सिकाउँदै छ। वास्तवमा माया सिकाउने कुरा नभए पनि कहिलेकाहीँ सिकाउनु पर्छ। अन्यथा अनुभवविहीनहरूले सानो कुराको मतभेदमा महान् प्रेम गुमाउने खतरा रहन्छ । त्यसैले गुरुले शिष्यलाई ज्ञानले भिजाएझैं आफ्ना सन्तानहरूलाई माया मा रुझाउनुको मजा पनि छुट्टै हुन्छ ।

'बाबु, नानीसँग कुरा भइरहेको छ ?' बेला बेला लेखकले छोरालाई सोध्छ । 'कहिलेकाहीँ च्याट हुन्छ,' छोराले बाबुको साथ पाउँदा पनि प्रेमलाई बुझ्न नजानेकोमा ऊ खिन्न हुन्छ । उसले सधैं अनुहार हेरेर कुरा गर्ने सल्लाह दिन्छ ।

'एकापसमा खुलेर कुरा गर्नु पर्छ । त्यसले भावना खेल्न पाउँछ । दुवै को आत्मा र मन दुवै नजिकिन्छ।' उसले छोरालाई ढाडस दिँदै भन्छ, ' प्रेमले रुझेपछि तिमीहरूको बिहे गरी दिउँला ! प्रेम हुन सकेन र तिमीहरूको रुचि मिलेन भने पनि भन्नु, अर्को खोजौंला ।'

मनिरले एक बालकले झैं चुपचाप बाबुको कुरा सुनिरहन्छ। तर अहँ, पटक्कै बोल्दैन ।

अघिल्लो दिनको कुरा हो, मनिरको आमाले सोधिन्, 'बाबुको बिहे गर्न कति समय लाग्छ ?'

उसलाई के थाह, कति समय लाग्छ ? छोरालाई समेत थाह नभएको रहस्य उसलाई कसरी थाह हुनु ?

'उसले प्रेम सिक्न र पढेर पोख्त बन्न चाहेको छ, भनेर मात्र हुन्छ र बिहे ! उनीहरू एकापसमा मित्रताको पराकाष्ठा चुमुन् अनि बिहे गरौंला नि उसको।', लेखकले योभन्दा बढी बोल्दैन। लेखककी श्रीमतीको बिहेप्रतिको हतारो अर्कै छ । उनको आफू सशक्त हुँदै नातिनातिना हुर्काउने धोको पनि होला, बुहारीले पकाएको खानाले अझै पुस्टिने र साथीसङ्गीको बिच आफ्नी परी जस्तै बुहारीलाई छोरीझैं सजाएर लैजाने धोको होला । अझै धेरै पढाएर 'मेरी बुहारी संसारकी अब्बल छिन' भनेर चिनाउने धोको पनि हुन सक्छ । धोको मानिसको चेतना र परिवेश अनुसार फरक फरक हुन्छ।

तर उनका चाहनाहरू कल्पु र मनिर बिचको प्रेमको बचपनमै अल्झेको छ अझै। लाग्छ, प्रेमिल जोडीको कल्पनामा अलिकति खाना छ र त्यसमा दुवैको हात छ । पहिलोपल्टको कुराकानी, हेराहेर, आँखामा बसेको प्रेमले एक्लो निरसतालाई क्रमशः हटाउँदै छ । प्रेम घृणा र निरसतामा हुँदैन । प्रेममा जिल्दबाजी पनि हानिकारक हुन्छ ।

प्रेम अमृत हो जीवनको । यसमा घृणा हैन केवल अमृत हुन्छ मायाको । प्रेमीहरूको ओठ ओठ र जिब्रो जिब्रो बिचको चुम्बनमा किन घिनको लेस पनि हुँदैन त ? किन जुठो लाग्दैन त ? बदलामा चुम्बन नै प्रेमको सबैभन्दा चोखो र पवित्र बनेर आउँछ किन ? धेरै कुराकानी नभए पनि यस्तै यस्तै अनुभूतिले दुवै मन रुझेको हुनु पर्छ सायद । लाग्छ, अहिले उनीहरू आफैं सँगको वार्तालापमा बढी छन् । आफैं सँगको कल्पनामा व्यस्त छन् । क्रमशः एक तृप्त हुँदा अर्को सन्तृप्त हुँदै छन् । अझै डुब्नु पर्छ, गहन सङ्कल्पमा नडुबी प्रेम सफल हुँदैन । जीवनपर्यन्त सँगै रहने गहन सङ्कल्पपछि वा प्रेम प्राप्तिको सङ्कल्पपछि मात्र प्रेमका कुराहरू फुर्न थाल्दछन् । प्रेमले सिताम्य भइसके पछि लगातार, दिनभर कुरा गरेर मन भरिँदैन । कल्पना र सङ्कल्पको समागमले कुलद्रि हुन जान्छ प्रेमद्वार । आफ्ना बाआमा त सन्तानको इच्छाविरुद्ध जानै सक्दैनन् । छोराछोरी हरूलाई असजिलोमा डोऱ्याउनुबाहेक के गर्न सक्छन् र बाबुआमाले ?

शनिवार बिहान सबेरै लेखकको छातीभित्र देखिएको दृश्य हो -

'बाबा बाबा, यी चिया हजुरलाई ।'

लेखकको कल्पनामा बुहारी घरमा आइसकेकी छन्। नातिनातिना उसका जीर्ण काखमा खेलिरहेका छन् । लेखककी श्रीमती बगैंचामा बसेर घाम तापिरहेकी छन्। स्वर्गजस्तै घर मा बुहारीले मन्दिरको लागि फूल टिप्दै छिन् । छोरा व्यायाम गरेर नास्तामा बसेका छन् । बिहानीको उज्यालो प्रकाशले फूलहरू मुस्कुराइ रहेका छन् । प्रेमले घर उज्यालिएको छ, करुणाको प्रकाशले तृप्त र प्रेमले बाँचेको परिवारभन्दा बहुमूल्य धन केही छैन संसारमा । घरमा सदैव त्यस्तै दृश्य देख्न पाए कसैलाई मन्दिर धाइराख्ने जरुरत पर्दैन ।

लेखकको कल्पना बिचमा रोक्दै बिहानको आलाराम टीणीणीणी बज्यो । उसले हातमुख धोयो र चिया पनि नखाई जागिर खान गयो ।

## सातको कविता

### निर्धो ताली बजाउँछ

✍ हरि अधिकारी

हेर्नोस रोडमा झाडू, जो मज्दुर लगाउँछ
तिर्दछ कर राज्यको, बच्चा जहान पाल्दछ
व्यापार अरबौं गर्ने, यो देश चुस्न ब्यस्त छ
छल्दै राजश्व तेसैले, ठुलो आफैं बनाउँछ

बर्चस्व उसले राख्छ, सबै तर्फ अहा!गुरु
झुक्दछन् उसकै सामु, सत्तासिन लुरूलुरू
व्यक्तिका कम्पनी नाफा, कमाउँछन् सँधै तर
पल्टन्छ टाट राज्यको, अर्थतन्त्र निरन्तर

दोष व्यवस्था लाएर, उम्कन खोज्दछन् यहाँ
अबस्था पक्षमा छैन, आफ्नै नियत खोटछ
जस्को शक्ति छ भक्तीको, स्तुति गान बजाउँछ
पिठोनै उसकै बिक्छ, निर्धो ताली बजाउँछ

कुइन्टल् सुन भित्रन्छ, राष्ट सेवक निदाउँछ
तस्करी भ्रष्ट आफैं हो, छि छि दुङ्दुङ् गनाउँछ
भरीया तस्करी गर्ने, सुन चादि कठैबरी
सड्दैछ जेलमा हेर्नोस्, भोकले बाल धर्धरी

जे गर्दा टिक्न सक्नेछु, पर्छ सत्ता चलाउनु
ढुकुटी देशको रित्तो, मौका यहि कमाउने
उदेश्य यहिनै बोक्तै, जाने राज्य चलाउँदै
बरु बेच्दछ अस्तित्व, लोक मुर्ख बनाउँदै

चिन्तानै छैन कसैको, देश समृद्द खै कता
कमाउ सबको यौटै, चिन्तन् पो देख्दछु मता
चाहन्छ जनता सारा, देशमा गर्न पौरख।
सत्ताको मातमा बस्ने, जन्तै पो फेर्दछन् बरु

२०८० ०५ ०६ गते

## गजल



रामशरण गैरे
भरतपुर १९

हेरी बस्छु उनकै तस्बिरलाई
धिकार्दै आफ्नै तक्दिरलाई

यस्तै नै रहेछ खटन दैवको
धिकार्छु हातका लकिरलाई

बाचा थिए सात जुनीसम्मका
के भन्नु र खेलाडी माहिरलाई?

कति तडपिनु सम्झेर अतित
व्यर्थ सुकाउनु किन शरीरलाई

कहिल्यै बसेनन् खाटा घाउहरूमा
तोड्न गाह्रो मायाको जञ्जिरलाई

## मुक्तक



विजय रानाभाट
तनहुँ

१
बहिनी बिर्सिएर मामा बिर्सिएर
कतिसम्म गरौं मैले धामा बिर्सिएर
माफ गर तिमीलाई माया गर्न सक्दिनँ म
जन्मदिने आफ्नै बाउआमा बिर्सिएर

२
आफ्नो झोला विद्यार्थीलाई भिराएर आउनुहुन्छ
घरैबाट आत्मबल गिराएर आउनुहुन्छ
हजुरबाट, गुणस्तरीय, शिक्षाको के, आशा राख्नु
विद्यालय त दुई चार दिन बिराएर आउनुहुन्छ


प्रतिक्षा मेडिकल हल
एण्ड कायरा फार्मेसी
☎ ०४७-५२००४१, ५२०१५६
९८५४०४०१५६

कमलामाई नगरपालिका-४, ढुंग्रेबास सिन्धुली
होलसेल तथा खुद्रा मुल्यमा पाउनुको साथै छुटको पनि व्यवस्था छ।


फर्निचर, घरायसी सामान र आर्कणक पर्दाहरूका लागि सँधै सम्झनुहोस ।

कार्की फर्निचर्स एण्ड सप्लायर्स, सिन्धुली
पानीट्यांकी, सिन्धुली फोन: ९८५४०४०५३३

# ब्रिक्सको विस्तारले त्रसित बन्यो अमेरिका

**एजेन्सी**/ उदीयमान अर्थतन्त्र भएका देशहरूको समूह ब्रिक्सले अन्तर्राष्ट्रिय रूपमा यति शक्तिशाली मञ्च बनेर यति छिट्टै स्थापित हुने सोचाइ यसको न्वारन गर्ने बेलायती अर्थशास्त्री जिम ओ निललाई पनि थिएन्।

ब्राजिल, रुस, भारत र चीनलाई उदीयमान अर्थतन्त्रको रूपमा उनले करिब दुई दशकअघि ब्रिक भन्दै यसको संक्षेपीकरण गरेका थिए। यी चार देशले त्यसको आठ वर्षपछि सन् २००९ मा एक अन्तरराष्ट्रिय समूह बनाउन उनको ब्रिक शब्द सापटी लिएर अघि बढ्ने निर्णय गरेका थिए। पछि त्यसमा दक्षिण अफ्रिका सामेल भइ बनेको पाँच देशको समूह ब्रिक्सले अमेरिकी नेतृत्वको पश्चिमी गठबन्धनलाई टक्कर दिने गरी शक्ति विस्तार गरेको हालै सम्पन्न ब्रिक्स शिखर सम्मेलनले दर्शाएको छ।




अब, विकासशील राष्ट्रहरूको पाँच सदस्यीय समूहले अर्जेन्टिना, इथियोपिया, इरान, साउदी अरब, इजिप्ट र संयुक्त अरब इमिरेट्सलाई समावेश गरी गठबन्धनलाई थप विस्तार गर्न सहमति कायम गरेको छ।

चिनियाँ राष्ट्रपति सी चिनफिङले यो विस्तारबारे भनेका छन्, "यो सदस्यता विस्तार ऐतिहासिक छ। यसले बृहत् विकासशील देशहरूसँग एकता र सहयोगका लागि ब्रिक्स देशहरूको दृढ संकल्प देखाउँछ।"

यी नयाँ सदस्यहरूले ब्रिक्सको औपचारिक सदस्य १ जनवरी २०२४ देखि मान्य हुने शिखर सम्मेलनका बेला आयोजक देश दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले जोहानेसबर्गमा भने। साथै रामाफोसाले ब्रिक्सले निष्पक्ष, न्यायपूर्ण संसार, समावेशी र समृद्ध संसार निर्माण गर्ने प्रयासमा नयाँ अध्याय सुरु गरेको बताए। उनले यो विस्तार प्रक्रियाको पहिलो चरण भने र यसका अन्य चरणहरू पनि हुने बताए। यो समूहको चीन विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको देश हो।

यस कदमको उद्देश्य ग्लोबल साउथका देशहरूमा ब्रिक्सको प्रभाव बढाउनु पनि हो। तीमध्ये धेरैलाई संयुक्त राज्य अमेरिका र अन्य धनी पश्चिमी राष्ट्रहरूले प्रभुत्व जमाउने अन्तर्राष्ट्रिय संस्थाहरूले अनुचित व्यवहार गरेको महसुस गर्ने गरेको विज्ञहरूको भनाइ रहेको छ।

भारतको जवाहरलाल नेहरू विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक स्वर्ण सिंहले बिक्स वा ब्रिक्सको विस्तार अरू कुनै प्रणालीलाई चुनौती दिनको लागि कहिल्यै नभएको धारणा व्यक्त गरेका छन्।

कम विकसित र विकासोन्मुख देशहरूलाई अन्तर्राष्ट्रिय निर्णय प्रक्रियामा भाग लिनको लागि केही अवसर प्रदान गर्न वैकल्पिक प्लेटफर्म सिर्जना गर्नुपर्ने भएकाले यसले स्वचालित रूपमा अप्रत्यक्ष रूपमा यस्तो संकेत गर्दछ। दोस्रो विश्वयपछि अन्तर्राष्ट्रिय निर्णय गर्ने तरिकामा केही असुविधा भएकाले ती देशहरूमा आफूलाई हेपिएको महसुस हुन्छ। दोस्रो विश्वयुद्धपछि युद्धसम्बन्धी अन्तर्राष्ट्रिय संगठनहरूको अस्तित्व होडबाजी विश्वमा देखियो।

ब्रिक्सको उदयले हेपिएको, दबिएको महसुस गर्ने देशहरूका लागि आफ्नो कुरा राख्न पाउने र त्यस्तो बहस गर्न पाउने वैकल्पिक मञ्च भएको छ। ४० भन्दा बढी देशहरूले ब्रिक्समा सामेल हुन चासो देखाएका छन्। २२ वटा औपचारिक रूपमा सोधखोज गरिरहेका छन्। इरानदेखि अर्जेन्टिना सम्मका धेरै देशहरू यसमा सामेल हुन खोजेका छन्।

संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेस पनि विस्तार घोषणामा सहभागी भए। यस समूहको बढ्दो प्रभावलाई प्रतिबिम्बित गर्दै उनले संयुक्त राष्ट्र सुरक्षा परिषद्, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको सुधारका लागि लामो समयदेखिको आह्वानलाई फेरि दोहोऱ्याए।

उनले भने "आजको विश्वव्यापी शासन संरचनाले हिजोको संसार लाई दर्शाउँछ। बहुपक्षीय संस्थाहरू साँच्चै सार्वभौमिक रहनको लागि, तिनीहरूले आजको शक्ति र आर्थिक वास्तविकताहरूलाई दर्शाइरहन सुधार गर्नुपर्छ।"

शिखर सम्मेलनमा ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले छिमेकी अर्जेन्टिनालाई समावेश गर्न बोलेर लबिङ गरेका थिए। इजिप्टको रुस र भारतसँग घनिष्ठ व्यावसायिक सम्बन्ध छ। तेल शक्तिहरू साउदी अरेबिया र यूएईको प्रवेशले उनीहरूको संयुक्त राज्य अमेरिकाको कक्षाबाट टाढिन खोजेको र आफ्नै अधिकारमा विश्वव्यापी बलियो शक्ति बन्ने चाहना लाई पनि दर्शाउँछ।

रुस र इरानले संयुक्त राज्य अमेरिकाको नेतृत्वमा प्रतिबन्ध र कूटनीतिक एक्लोपन विरुद्ध साझा संघर्षमा साझा कारण फेला पारेका छन्। युक्रेनमा मस्कोको आक्रमणपछि उनीहरूको आर्थिक सम्बन्धहरू गहिरो हुँदै गएको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्नो सम्बोधनलाई पश्चिमलाई चकित पार्न प्रयोग गरे। विकासशील राष्ट्रहरूमा उनीहरूले परम्परागत मूल्य, मान्यताहरूलाई निम्त्याउने खतरालाई दर्शाउँदै पुटिनले बहु-ध्रुवीय संसारको उदयको संकेत गरे।

यो विश्वमा हामीले देखिरहेको खण्डीकरण र राजनीतिक ध्रुवीकरणको बारेमा गतिविधि बढिरहेको हेर्न सक्छौँ। चीन र अमेरिकाबीचको नयाँ शीतयुद्धको धम्की तथा विस्तार हुने कारणबाट यस्तो आँकलन जो कोहीले सहजै गर्न सक्छ।

शिखर सम्मेलनमा चिनियाँ राष्ट्रपति सीले विश्व अशान्ति र परिवर्तनको नयाँ अवधिमा प्रवेश गरेको बताए। सीले भने "हामी, ब्रिक्स देशहरूले, एकताको माध्यमबाट आफूलाई बलियो बनाउने हाम्रो संस्थापक उद्देश्यलाई सधैं मनमा राख्नुपर्छ।"

सीले जब सामूहिक कुरा आउँछ, घोषणा र स्वर धेरै सामान्य हुने बताए। उनले भने "यो पश्चिम विरोधी जस्तो देखिदैन। यसले आईएमएफमा सुधार खोज्छ। उनीहरूले अन्तर्राष्ट्रिय संस्थाहरूलाई लोकतान्त्रिकीकरण गर्ने कुरा गरिरहेका छन्, त्यो उचित कुरा हो।

तर, पक्कै पनि, इरान र रुसले ब्रिक्सलाई आफ्नो प्लेटफर्मको रूपमा हेरिरहेका छन् यदि तिनीहरू एक्लो हुँदैछन्। यो सामूहिक हुनेछ जसमा तिनीहरू निर्भर हुनेछन्। त्यसैले म बुझ्न सक्छु कि तेहरान र मस्कोले ब्रिक्समा आफ्नो सहभागितालाई हेर्ने दृष्टिकोणमा धेरै फरक हुनेछ।"

ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले गत मंगलबारको कथनले यस्तो देखिन्छ। संयुक्त राज्य अमेरिका वा अरू कसैको लागि कुनै किसिमको भू-राजनीतिक प्रतिद्वन्द्वीको रूपमा विकसित भएको नदेखिएको उनले जनाएका थिए।

अमेरिकी सुरक्षा सल्लाहकारले ब्रिक्सको बारेमा जे भने पनि ब्रिक्सका देशहरूको उदीयमान शक्ति र यसको विस्तारले हटाउने भनेको अमेरिकी नेतृत्वको पश्चिमा वर्चस्वलाई नै हो भन्ने भनाइसँग अधिकांश विज्ञहरू सहमत छन्।

# युक्रेनी लडाकु पाइलटको जेट दुर्घटनामा मृत्यु

**एजेन्सी**/ युक्रेनमा जारी लामो युद्धमा वायुसेनाका लडाकु पाइलट एन्ड्री जूस पिल्शिकोभको मृत्यु भएको जनाएको छ। रसियाली समाचार पत्र रसिया टुडेले लडाकु विमानहरूको डेलिभरीको लागि किभको अभियानको एक शक्तिशाली कमाण्डर प्रशिक्षण उडानको क्रममा आफ्ना दुई सहकर्मीहरूसँग मारिएको जनाएको छ।



केही समय अगाडि अनलाइनले प्रकाशन गरेको समाचार अनुसार शनिबारको फेसबुक पोस्टमा, युक्रेनी वायुसेनाका प्रतिनिधि युरी इग्नाटले पिल्शिकोभलाई मेगा ज्ञान र मेगा प्रतिभा भएको युवा सैन्य अधिकारी भनेर वर्णन गरे, जसले अमेरिकी सहयोगमा युक्रेनको सैन्य उड्डयन सुधार गर्न धेरै योगदान पुऱ्याएको उल्लेख गरेका छन्।

मृतक पाइलटले गत वर्ष अमेरिकी सरकारी अधिकारीहरूसँग भेटेर एफ १६ लडाकु विमानको प्रावधानकालागि लबिङ गरेका थिए। इग्नाटका अनुसार अंग्रेजी राम्रो बोल्ने पिल्सचिकोभले पश्चिमी मिडियासँगको आफ्नो धेरै अन्तर्वार्तामा कीभका आवश्यकताहरू बारे पनि कुराकानी गरेको न्यूजवीकले समाचार लेखेको छ।

अमेरिकी अधिकारीहरुले एफ १६ उडान भर्न उनको कति चाहना थियो भनेर बताएको समाचारमा उल्लेख छ। अमेरिकी विमानहरू वास्तवमा क्षितिजमा छन् र उनको मृत्युमा विशेष मार्मिकता गाँसिएको छ।

शनिबार टेलिग्राममा आफ्नो भिडियो ठेगानामा, राष्ट्रपति भ्लादिमिर जेलेन्स्कीले लडाकु पाइलटको परिवार लाई आफ्नो समवेदना व्यक्त गर्दै पिल्सचिकोभलाई हाम्रो देशलाई धेरै सहयोग गर्नेहरू मध्ये एक भएको टिप्पणी गरे। उनले घटनाबारे अनुसन्धान थालिएको बताए।

युक्रेनी वायुसेनाले आफ्नो विज्ञप्तिमा भन्यो कि पिल्सचिकोभ र अन्य दुई पाइलटको मृत्यु भएको थियो जब दुई एफ १६ लडाकु प्रशिक्षण विमान शुक्रबार किभको पश्चिम ज़ाइटोमिर क्षेत्रमा आपसमा ठोक्किएका थिए।

धेरै मिडिया आउटलेटहरू, प्रत्यक्षदर्शीहरू र विज्ञहरूलाई उद्धृत गर्दै, सुझाव दिए कि दुई चालक दलले ढाँचा उडान अभ्यास गरिरहेको हुन सक्छ, र विमानहरू एकअर्काको धेरै नजिक आएका थिए।

डेनमार्क र नेदरल्यान्डले गत हप्ता धेरै युद्धविमान हस्तान्तरण गर्न तयार रहेको पुष्टि गर्नु अघि युक्रेनले आफ्ना पश्चिमी समर्थकहरूलाई अमेरिकी निर्मित एफ-१६ लडाकु विमानहरू उपलब्ध गराउन महिनौंदेखि आग्रह गर्दै आएको थियो।

सोमबार, पेन्टागन उप प्रेस सचिव सबरीना सिंहले एफ १६ स्थानान्तरणको लागि अनुरोध प्राप्त भएको पुष्टि गरे। तथापि, उनले थपे कि युक्रेनी पाइलटहरूले पहिले आफ्नो अंग्रेजी सुधार गर्न आवश्यक छ, नोट गर्दै कि यो "केही समय लिन जिम्मेवार छ।

युक्रेनका रक्षामन्त्री एलेक्से रेज्निको भले मंगलबार सञ्चारमाध्यमलाई भने कि लडाकु विमानहरू कम्तिमा छ महिनासम्म युक्रेनमा आउने छैनन्।

मस्कोले बारम्बार चेतावनी दिँदै आएको छ कि अमेरिका र उसका सहयोगीहरूले युक्रेनलाई थप अत्याधुनिक हतियारको आपूर्तिले शत्रुतामा ठूलो वृद्धि निम्त्याउन सक्छ।

## फरक कुरा



◻ राजेश बस्नेत

# अपराधीको संरक्षक को हो !

सरकारले भ्रष्टाचार र आर्थिक अपराधमा संलग्न व्यक्तिहरूलाई कारबाहीको प्रक्रिया थाल्नु सकारात्मक पक्ष हो। त्यसको छानबिन गर्नु पनि ठिक्कै हो। तर, कारबाही गर्नुको साटो सरकारले संरक्षण गरेको देखियो। सत्ताधारी दलका नेताहरू अपराधीलाई कारबाही गर्नुपर्ने र निर्दोषलाई सजाय दिन नहुने फर्माउँछन्। अपराधीहरू सजातगी हुनुपर्छ। तर, विदेशी कुनै शासक या नेताहरूको दबाब र प्रभावमा दोषीहरू मुक्त हुनुहुँदैन। यदि मुक्त हुन्छन् भने सरकार र प्रमुखलाई नै दोषी भन्नुपर्ने हुन्छ। सरकारले चालेको यो कदमलाई कहाँ लगेर टुंग्याउने हो ? मुद्दामा कोकोलाई छुट दिए भन्ने कुरा आम पाठकले थापा पाइसकेका छन् ? आम जनताको चासोको विषय छ। नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने, ललिता निवासको सरकारी जग्गा व्यक्तिले खरिद गर्ने र अवैध ढंगले भित्र्याएको सुन तस्करी अपराधका प्रकरणहरू हुन्। यसमा दोषी कारबाही हुनुपर्छ आम जनताले भनिरहेका छन् तर सरकार उनीहरुलाई जोगाउने काम गरिरहेको छ।

सरकारले गणतन्त्र प्राप्तिको अनुभूति जनतालाई दिलाउनुपर्ने हो। जनताको विश्वास दिलाउने काम सरकारले गर्नुपर्ने हो। तर, गतिविधिले सरकारको कामप्रति जनताको विश्वास घट्दै छ। सार्वजनिक जग्गा निजी बनाएर बेचबिखन गर्न र गराउन, नेपालीलाई भुटानी नागरिक बनाएर कमाउधन्दा गर्ने काम र जस्तोसुकै अपराध गरे पनि कुनै काम कारबाही नगरी थामथुम बनाउने काममा सरकारकै हात रहेको छ।

सत्तारुढ दलका नेताहरूकै संलग्नता या इसारामा अपराधीमाथि कारबाही हुँदैन, कारबाही गर्न पहल गरिदैन। अन्ततः त्यो मुद्दाको प्रकरण बिचमै टुंगिन्छ। हाल चर्चामा रहेका राष्ट्रिय मुद्दाहरूको पनि हात्ती आयो हात्ती आयो फुस्सा ! जस्तै भयो। दोषी छोड्न, सजाय मिनाहा गर्न सत्तारुढ दल माओवादी केन्द्र र नेपाली कांग्रेसका नेताहरू एक ठाउँमा मिलेको देखियो !

सरकारले अपराधीलाई कारबाही गर्छ भनेर जनतालाई आश्वासनको पोको मात्र बाँड्ने होइन, सरकारले अपराधीहरूमाथि कारबाही नगरे सरकारको बोली भ्रममा परिणत हुनेछ र त्यो धोखा नै हुनेछ। अनि सरकारको त्यो गैरजिम्मेवारी पनि हुन्छ। अपराधीमाथि कारबाही गर्न सरकार पछि हट्नु हुँदैन। अपराधीमाथि कारबाही नगर्नुको अर्थ भ्रष्टाचार र भ्रष्टाचारीलाई बढावा दिनु हो र त्यसको संरक्षक भनेको स्वयमं प्रचण्ड हुन्।

सरकारको यो चालवाजीले देशमा भ्रष्टाचार अन्त्य हुनेछैन। बरु भ्रष्टाचारले मलजल पाउँछ र भ्रष्टाचारको जरो गहिराइमा पुग्छ। भ्रष्टाचार गाउँ-गाउँ र बस्ती बस्तीमा पुग्नेछ। भ्रष्टाचारको जरा उखेल्न नसक्नुको कारण सत्तासीन र ठूला दलका नेताहरू भ्रष्टाचारीको पछि लाग्नु हो, पार्टी चलाउन र निर्वाचनमा पैसा खर्च गर्न उनीहरूबाट सम्पत्ति जुटाउनु हो। पार्टीका नेता, मन्त्री तथा सांसदहरू पदको दुरूपयोग गरेर सम्पत्ति जोहो गर्नतिर लागे पछि देश कसरी प्रगति हुन्छ ?

अहिले सरकारसँग आर्थिक अभाव छ। एक समय त शिक्षक, सेना र अन्य कर्मचारीको समेत तलब रोकिएको थियो। देशका कर्मचारी लाई समेत तलब खुवाउन नसक्नु के देशको आर्थिक सङ्कटको लक्षण होइन ? देशको कुल बजेट १७ खर्ब ५१ अर्ब छ। राजस्व र वैदेशिक अनुदानबाट १२ खर्ब ९८ अर्ब अनुमान गरिएको छ। अरू बाँकी रकम ४ खर्ब ५३ अर्ब वैदेशिक तथा आन्तरिक ऋणबाट पूर्ति हुने भनिएको छ।

यसको अर्थ राज्यको ढुकुटीमा पैसाको अभाव छ। यसरी प्रत्येक वर्षझैं सरकार घाटा बजेट बनाउँछ र विदेशी ऋण र विदेशी सहयोगले पूर्ति गर्छ। त्यही घाटा बजेट अझ घाटा बनाउन आर्थिक घोटाला हुन्छ, विकासमा चुहावट हुन्छ। अनि देश जहिल्यै पछि पर्छ र परनिर्भर भइरहन्छ।

( लेखक राप्रपा सिन्धुलीका नेता हुन्)

**अबैध .......**

ट्रकका चालक सर्लाही हरिपुर नगर पालिका-७ का २९ वर्षिय अजय चौधरी समेतलाई भन्सार कार्यालय जनकपुर पठाइएको प्रहरीले जनाएको छ।

पछिल्लो समय भारतले केही ब्रान्ड का चामल प्रतिबन्ध लगाएको र करसमेत बढाएको भन्दै सिन्धुलीमा अवैध धन्दा मौलाएको छ। सिन्धुलीमा गोदाम राखी रामेछाप, सिन्धुपाल्चोक, दोलखा, ओखलढुंगा, सोलुखुम्बु लगायत पहाडी जिल्लाहरुमा व्यापारी हरुले चामल बेच्ने गरेका छन्।

पत्रिका मागेर होइन साधैं किनेर पढ्ने बानी बसालौं ।
फोन:
९८५१२६७७२९
९८४४३९३८३,
९७४१९२२७८४

# 'दुई कदम' २९ मंसिरमा प्रदर्शन हुने



उदय सुब्बाको निर्देशन रहेको फिल्म 'दुई कदम' को फष्टलुक सार्वजनिक भएको छ। निर्माण युनिटले फिल्मका दुई पोष्टर फष्टलुक्सका रुपमा सार्वजनिक गरेको हो। पोस्टरमासँगै फिल्मको प्रदर्शन मिति पनि २९ मंसिर तोकिएको छ। फिल्मको फष्टलुक्समा डेव्यु अभिनेता इओन लिम्बु र डेव्यु अभिनेत्री सिमोन गिरी लाई छाता ओढेर रोमान्टिक अवतार मा प्रस्तुत गरिएको छ। दोस्रो पोस्टर मा अभिनेता गौरव पहारी रिसाएर हातमा बन्दुक लिदा डेव्यु अभिनेत्री गिरी निकै डराएको हाउभाउमा देखिएकी छन्। अजम्बरी फिल्मस्को व्यानरमा निर्माण भएको फिल्ममा तारा देवी लिम्बुको लगानी छ। फिल्ममा गौरव, इओन र सिमोनका अलवा सुनील थापा, कविता आले, बुद्धि तामाङ, अर्जुन गुरुङ, विमला लिम्बु, जिवन लिम्बु, चन्दा दाहाल र प्रितिका शर्माको अभिनय रहेको छ। फिल्मको एक गीतमा अभिनेता विल्सन विक्रम राईले पनि विशेष भूमिका निर्वाह गरेका छन्।

मुस्ताङमा एक गीतको सुटिङ गरिएको फिल्मको बाँकी छायांकन पूर्वका धनकुटा, तेह्रथुमको वसन्तपुर, इलाम, झापा र धरानमा गरिएको हो।

दयाराम घिमिरेको कथा तथा पटकथा लेखन, विक्रम डिसीको छायांकन, ताराप्रकाश लिम्बु र विकास चौधरी को संगीत, डिपी खनालको गीत लेखन, राजु किराँतीको द्वन्द्व निर्देशन, रामजी लामिछानेको कोरियोग्राफी र प्रविन ढकालको सम्पादन फिल्ममा छ। फिल्मलाई रिच इन्टरटेनमेन्ट र एफडी कम्पनिले वितरण गर्दैछन्।

# 'ह्वाइट हाउस'मा रमेश उप्रेती र आँचल शर्मा अनुबन्धित





अभिनेत्री आँचल शर्मा नयाँ फिल्म 'ह्वाइट हाउस'मा अनुबन्धित भएकी छन्। सविनकुमार तोलांगीको पटकथा लेखन तथा निर्देशन रहने फिल्ममा आँचलको शीर्ष भूमिका हुने जनाइएको छ।

यो फिल्ममा यसअघि रमेश उप्रेती र गरिमा शर्मा पनि अनुबन्धित भइसकेका छन्। अनलाइनखबरसँग कुरा गर्दै अभिनेता उप्रेतीले यसको कथावस्तु महत्वपूर्ण रहेकाले आफू खेल्न राजी भएको सुनाए। राजदरबार घटनाको कथावस्तु पनि हल्का समावेश भएको उनले जनाए। फिल्मको नाम 'ह्वाइट हाउस'मा चेन्ज भएर 'राज महल' हुन सक्ने पनि उनले जानकारी दिए। रमेश मंगलबार अमेरिका उड्दैछन्। दशैं मनाएर उनी त्यहाँबाट फर्किएपछि फिल्मको छायांकन सुरु हुने जनाइएको छ। ओस्कार कलेजमा फिल्म पढेका सविनले केही छोटा फिल्म र म्युजिक भिडियोलाई निर्देशन समेत गरेका छन्। अन्य कलाकारलाई चाँडै सार्वजनिक गरिने उनले जानकारी दिए।

निर्देशक तोलांगीले केही छोटा फिल्म र म्युजिक भिडियो निर्देशन गरेका छन्। अष्ट्रेलिया र नेपालमा सुटिङ हुने फिल्मका लागि बाँकी कलाकारको खोजी भइरहेको छ। यो फिल्मअघि मुस्कान ढकालले निर्देशन गर्ने फिल्म 'पञ्चामृत'को छायांकन पूरा गर्ने जनाइएको छ। यो फिल्ममा आँचलसँग धीरज मगर र सौगात मल्लको जोडी बाँधिने भएको छ।

# अष्ट्रेलियामा नेपग्याजम कमेडी नाइट हुने

अष्ट्रेलियाको सिड्नीमा नेपग्याजम कमेडी नाइट हुने भएको छ। थ्री बिज इन्टरटेनमेन्टले गाईजात्राको अवसर पारे आगामी सेप्टेम्बर ३ मा सिड्नीको अबर्नस्थित सफायर फङ्सन सेन्टरमा उक्त कार्यक्रम आयोजना गर्न लागेको हो।

कमेडी नाइटमा कमेडियन लेखमणि त्रिताल, उमेशकुमार गौतम, रुपक बुढाथोकी, रोहन सिलवाल, म्याक्स बाबु, विजयजंग थापा लगायतका कलाकारले प्रस्तुति दिनेछन्।

कार्यक्रम हेर्नका लागि टिकटको मूल्य २२ अष्ट्रेलियन डलर तोकिएको छ।

विद्यार्थी लक्षित गरेर टिकटको मूल्य निर्धारण गरिएको आयोजक संस्थाका संस्थापक सन्दीप चौधरीले जानकारी दिए।

नेपग्याजम युवापुस्ताले निकै रुचाएको कमेडी च्यानल हो। नेपग्याजमका कमेडियन लेखमणि र उमेशले यसअघि सगरमाथा क्षेत्रको कालापत्थरमा पुगेर कमेडी कला प्रस्तुत गर्दै कीर्तिमान समेत राखिसकेका छन्।

# बुद्धिले सुरु गरे 'हात्तीछाप' को डबिङ



सिमोस सुनुवारको निर्देशन रहेको फिल्म 'हात्तीछाप' को डबिङ सुरु भएको छ। निर्माण युनिटले आइतबारबाट फिल्मको डबिङ सुरु भएको जनाएको हो। निर्माता किरण नेपालीका अनुसार एक सातासम्म फिल्मको डबिङ हुनेछ। यसपछि, फिल्मको टिजर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा हुनेछ।

काठमाडौं। सिमोस सुनुवारको निर्देशन रहेको फिल्म 'हात्तीछाप' को डबिङ सुरु भएको छ। निर्माण युनिटले आइतबारबाट फिल्मको डबिङ सुरु भएको जनाएको हो। निर्माता किरण नेपालीका अनुसार एक सातासम्म फिल्मको डबिङ हुनेछ। यसपछि, फिल्मको टिजर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा हुनेछ।

रेड बर्ड प्रोडक्शनको ब्यानरमा निर्माण भएको फिल्ममा कथा, पटकथा तथा संवाद प्रदीप भारद्वाजको छ। दयाहाङ राई, उपासना सिंह ठकुरी, सौगात मल्ल, बेनिशा हमाल, बुद्धि तामाङ, विजय बराल, कमलमणि नेपाल, राजन खतिवडा, पुष्कर गुरुङ, प्रकाश घिमिरे, विनोद न्यौपाने, कविता आले, सुष्मा निरौला, रवीन्द्र झा लगायतका कलाकारको अभिनय रहेको फिल्ममा सुशन प्रजापतिको छायाङ्कन छ। फिल्मको पहिलो दिनमै कलाकार बुद्धि तामाङले डबिङ गरिरहेका छन्। बुद्धिले फिल्मको छायाङ्कनमा निकै रमाइलो भएको भन्दै डबिङमा पनि झनै मज्जा आएको बताए। उनले फिल्म हेरेर दर्शकले पनि मनोरञ्जनले लिने पक्का गरेका छन्। यो फिल्मको अधिकांश देशमा प्रदर्शन अधिकार समेत बिक्री भैसकेको छ।
















सन्देश जनप्रियका लागि दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पबन राउत, कार्यालय (सिन्धुली): विपी राजमार्ग, कमलामाई-६, (बर्दिवास): सिन्धुलीरोड, कानुनी सल्लाहकारः केशवप्रसाद गौतम ई-मेलः news.pradesh@gmail.com, बेभः www.epradeshkhabar.com मुद्रणः लालिगुरांस अफसेट प्रेस, सिन्धुली